# सफलताका कथा

## ग्रामीण तथा पिछडिएको क्षेत्रमा नवीकरणीय ऊर्जा प्रविधिको प्रभाव



वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम-२०७२

# ग्रामीण तथा पिछडिएको वर्गमा
# नविकरणीय ऊर्जा प्रविधिको प्रभाव

# सफलताका कथा

नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम**
**२०७२**

# सफलताका कथा

| | | |
|---|---|---|
| प्रकाशक | : | **नेपाल सरकार**<br>**विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय**<br>**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**<br>**राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम** |
| प्रकाशन | : | **२०७२ साल** |
| सम्पादन | : | **धर्मराज दाहाल** |
| सर्वाधिकार | : | **संस्थामा सुरक्षित** |
| इमेल | : | info@aepc.gov.np |
| वेबसाइट | : | www.aepc.gov.np |
| सम्पर्क फोन नं. | : | **०१-५५३९३९०/९१** |

*© यस पुस्तकमा छापिएको अंश वा पूरा स्वरूप संस्थाको अनुमति विना कुनै माध्यमद्वारा पुनरूत्पादन वा फोटोकपी गर्न पाइने छैन ।*

# दुई शब्द

वैकल्पिक ऊर्जा प्रविधिको पहुँच ग्रामीण जनसमुदायसम्म पुऱ्याउने लक्ष्य अनुरुप वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नविकरणीय ऊर्जा कार्यक्रम मार्फत बृहत् क्रियाकलाप संचालन गर्दै आएको छ। लैङ्गिक समानता र सामाजिक समावेशिताको अवधारणालाई आत्मसात् गर्दै ऊर्जा प्रविधिको प्रवर्द्धन र जीविकोपार्जनमा टेवा पुग्ने किसिमका आयआर्जन तथा व्यवसाय विकासका क्रियाकलापको कार्यान्वयनमा महिला, गरीब तथा पिछडिएका वर्गलाई विशेष ग्राह्यता दिँदै आएको छ। यसले आफ्ना कार्यक्रम तथा क्रियाकलापलाई आमसमुदायसम्मको पहुँचमा पुऱ्याउनका लागि विभिन्न किसिमका संचारमाध्यमको परिचालन पनि गर्दै आएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत विभिन्न कम्पोनेन्ट कार्यरत छन्। यसै अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) पनि एक हो। कार्यक्रमको लक्ष्य अनुरुप अति दुर्गम ग्रामीण भेगका महिला, गरीब तथा पिछडिएको वर्गका लागि ऊर्जाको पहुँचमा वृद्धि गर्ने, सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने, ऊर्जा प्रयोगमा रहेको असमानतामा कमि गर्ने र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा भूमिका खेल्दै आएको छ। यस कार्यक्रमले गर्दै आएका सराहनीय क्रियाकलाप जसले ग्रामीण भेगका जनताको जीवनस्तरमा परिवर्तन भएको छ, त्यस्ता सफलताका कथा संकलन गरी आम जनसमुदायसम्म पुऱ्याउनका लागि लैससास ईकाइले गरेको प्रयास प्रशंसनीय छ।

यस संग्रहमा मुख्य रूपमा ३० वटा सफलताका कथा संकलन गरी प्रकाशन गरिएको छ। नविकरणीय ऊर्जा प्रविधि जस्तै सोलार, बायोग्यास, माइक्रोहाइड्रो, सुधारिएको पानीघट्ट तथा चुलोलाई केन्द्रमा राखी यसको प्रयोगबाट ग्रामीण जनसमुदाय विशेषगरी गरीब, महिला, विपन्न तथा सामाजिक बहिष्करणमा परेकाहरूको जीवनस्तरमा आएको परिवर्तनलाई आधार मानेर सफलताका कथाको फेहरिस्त तयार पारिएको छ। क्षेत्रगत हिसाबले संकलन गरी प्रकाशन गरिएका सफलताका कथाले आफ्नै एकखालको विशेष पहिचान बोकेको छ।

अन्त्यमा यस प्रकारका सफलताका कथाहरूलाई समेट्न सहयोग पुऱ्याउने सम्पूर्ण क्षेत्रीय सेवा केन्द्रका सम्बन्धित कम्पोनेन्टका कर्मचारीका साथै लैससास अधिकृतहरूलाई पनि धन्यवाद दिन चाहन्छु। साथै, राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गतका सबै कम्पोनेन्टहरूलाई धन्यवाद दिन चाहन्छु। हाम्रो यस प्रकाशनमा रहेका सफलताका कथाले निर्णयकर्ता, योजनाविद्, अनुसन्धाता, आम जनताका साथै अन्य विकास निर्माणका कार्यक्रमहरूमा सहभागी हुने विभिन्न संघ-संस्थालाई पनि पथप्रदर्शकको काम गर्नेछ भन्ने विश्वास समेत व्यक्त गर्दछु।

**रामप्रसाद धिताल**
कार्यकारी निर्देशक
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# विषय सूची


| | |
|---|---|
| खानेपानीः फेरिदियो गाउँकै मुहार | ६ |
| सुजनीको सफलता | ८ |
| सुधारिएको चुलोः समय र दाउराको बचत | १० |
| चुलोले बदलेको चोला | १२ |
| आमाले सञ्चालन गरे शुद्ध खानेपानी उद्योग | १४ |
| दैवले श्रीमान् चुँडे पनि सुधारिएको चुलोले जोडेको जीवन | १६ |
| एकल महिलाको सहारा सुधारिएको चुलो | १८ |
| सुधारिएको घट्टले बढायो आत्मविश्वास | २१ |
| सौर्य प्रविधिले दुःख बिर्सायो | २३ |
| पैसा फलाउन विदेशै जानुपर्दैन | २४ |
| रूप फेरिएकी रूइया | २६ |
| सुधारिएको चुलोः हटायो चिन्ता | २८ |
| सफल व्यवसायी | ३० |
| फेदको पानी टुप्पोमा... | ३२ |
| आफ्नै पौरख | ३४ |

स्वावलम्बी हात ३६
बनखुको वरदानः गाउँमै उद्योग ३८
आँट र साहसले बनायो व्यवसायी ४०
चुलोले चिनायो थारू होम स्टे गाउँ ४२
लोक्ताले ल्याएको खुशी ४४
जिल्लाकै नमूना लघु जलविद्युत् आयोजना ४६
'चुलो दिदी' अर्थात् मखमली तामाङ ४८
खानेपानीले ल्याएको परिवर्तन ५०
घाँसले बदल्यो जीवनको आस ५२
तरकारी खेतीले बढाएको आत्मविश्वास ५४
सुधारिएको पानीघट्टले जीवन सुध्रियो ५६
लोसे जागेपछि... ५८
विस्थापित हुनबाट जोगिएको पुर्कोट गाउँ ६०
सोलारले बनायो व्यवसायी ६२
पौरखीका लागि गाउँ नै विदेश ६४

# खानेपानीः फेरिदियो गाउँकै मुहार

मनसरी कामी (८ वर्ष) लाई केही समय अगाडिसम्म बिहान ४ बज्दा नबज्दै आफूभन्दा ठूलो डोकोमा गाग्री बोकेर आधा घण्टा टाढा पानी लिन जानुपर्ने बाध्यता थियो। तर, अहिले मनसरी बिहानै उठेर सिर्जनाको फूलबारीमा मलजल गर्ने कापी, कलम समातिरहेकी हुन्छिन्। यो यथार्थता हो, दैलेख जिल्लाको सदरमुकामसँगै जोडिएको रावतकोट-१ का बासिन्दाको।

पानी ल्याउनकै लागि रातभर नसुती छट्पटाउने गर्थिन् गृहिणी डिलमाया थापा (३८ वर्ष)। उनी भन्छिन्, "राति सुत्यो भने ढिला उठिन्छ अनि त धारामा गाग्रीको लाइन बाटोसम्म हुन्छ। अनि न घरको काम न पानीको बन्दोबस्त।"

सार्कीखाडी ग्रामीण सौर्य ऊर्जा खानेपानी आयोजनाका अध्यक्ष ढकबहादुर थापा भन्छन्, "आजभोलि त दिनभर धारामा पानी आउँछ। रावतकोटका बासिन्दाले खेर गएको पानीको सदुपयोग गरी करेसाबारीमा सागपात समेत लगाउन थालेका छन्। अझ महिला दिदीबहिनीले त समयको बचत गरी आफ्ना छोराछोरीलाई समय दिन थालेका छन्।" उनी थप्छन्, "यहाँ रहेको मन्दिरमा वर्षमा दुई पटक मेला भर्न आउने हजारौं दर्शनार्थी पानीको प्यास मेटाउन काकाकुल झैं छटपटाउनुपर्थ्यो तर यसपालिको मेलामा मन्दिर परिसरमा पानीको पाइप पुऱ्यायौं, धेरै सुविधा भयो।" रावतकोटकै सामाजिक परिचालक भुवन थापा भन्छन्, "अझ विशेषगरी यहाँका बालबालिकालाई विद्यालय पठाउन सजिलो भएको छ। स्कूल पढ्ने उमेरका बालबालिका पढ्न नगएर दिनभरि पानी बोकेर घर पुऱ्याउँथे। तर वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमको आर्थिक सहयोग तथा आस्था नेपाल, क्षेत्रीय सेवा केन्द्र सुर्खेतको प्राविधिक सहयोगमा सम्पन्न यस खानेपानी आयोजनाले ग्रामीण भेगको मुहार नै फेरिदिएको छ।

स्थानीय बासिन्दा पहिला पहिला तल मूलको पानी माथि टुप्पामा पुग्छ भनेर विश्वासै गर्दैनथे। अहिले सबै जना दंग छन्। महिला दिदीबहिनीले बिहान ४ बजेदेखि पानीको लाइन बस्नु परेको छैन। स-साना नानीहरूले बिहानैदेखि डोको र गाग्रीको साटो कापी र कलम समाउन पाएका छन्। छोरीबुहारीलाई राति ४ बजे उठ्नुपरेको छैन। पानीको अभावमा सरसफाईमा ध्यान नदिनेले पनि ध्यान दिन थालेका छन्। समग्रमा भन्ने हो भने व्यक्तिगत, वातावरणीय र घरायसी सरसफाईले पूर्ण रूपमा छलाङ मारेको छ। ■





वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमको आर्थिक सहयोग तथा आस्था नेपाल, क्षेत्रीय सेवा केन्द्र सुर्खेतको प्राविधिक सहयोगमा सम्पन्न खानेपानी आयोजनाले ग्रामीण भेगको मुहार नै फेरिदिएको छ ।

# सुजनीको सफलता

रूपन्देहीको मोतीपुर-१ रानीगञ्जमा ४८ वर्षअघि बुबा कल्लु र आमा बगनी थारूको दोस्रो सन्तानको रूपमा जन्मिएकी हुन्, सुजनी थारू। परिवार निम्न वर्गको भएकोले आमा-बुबाको साथै सम्पूर्ण परिवारले जमीनदारको घरमा दिन-रात काम गर्नुपर्दथ्यो। सुजनीका तीन दाजुभाइ र तीन दिदीबहिनी गरी ६ जना थिए। विद्यालय जाने उमेरका उनीहरूलाई जमीनदारको घरमा काम गर्न जानुपर्ने बाध्यता थियो। सुजनीका सबै भाइबहिनीलाई पढ्ने अवसर मिलेन। सुजनीको सानै उमेरमा रूपन्देही जिल्लाकै पर्रोहा-५ उचडिहवाका (घरका साइँला छोरा) गर्वु थारूसँग विवाह भयो। विवाहपछि पनि घरमा परिवार ठूलो तर जग्गा थोरै भएकाले ज्यालादारी गर्नुपर्ने बाध्यता नै थियो। परिवार ठूलो भएकाले दिनभरि काम गरेर बटुलेको सामल पनि हाँसीखुसी खान र आनन्दित हुन पाइँदैनथ्यो। सधैंजसो परिवारमा सासू-ससुरा देवर-जेठाजु र देउरानी-जेठानीबीच ठाकठुक परिरहन्थ्यो। सुजनी भन्छिन्, “लगातार दुई छोरी जन्मिएकोले श्रीमान् र घरपरिवार सबैले मलाई हेलाँ गर्न थाले। तर पछि ममाथि भएको अन्यायलाई बुझी श्रीमान्ले घरपरिवारबाट छुट्टिएर बस्ने निर्णय गर्नुभयो। छुट्टिंदा घर बनाउनको लागि सानो घडेरी मात्र भागमा परेको थियो। त्यही घडेरीमा सानो





घर बनाउनको लागि पनि हामीसँग केही नभएर माइतबाट दाजु र बुबाले काठपात र खर ल्याई सानो घरको झुप्रो बनाइदिनुभयो। तर त्यो झुप्रो पनि सासूले देख्न नसकेर अनेक बहाना बनाई भत्काइदिनुभयो। त्यसपछि एक वर्ष हामी अर्केको खाली घरमा बस्यौं। त्यो कुरा थाहा पाएर बुबा र दाइले काठपात सबै ल्याएर फेरि अर्को झुप्रो बनाइदिनुभयो र आफ्नो घरमा बस्न थालियो। बस्ने बास त बल्लतल्ल दाइ र बुवाले बनाइदिनुभयो तर दैनिक छाक टार्न र एकसरो कपडा लगाउन ज्यादै गाह्रो भयो। कहिले फर्निचर कारखानामा काठको काम गर्ने, कहिले ट्रकमा लेबर काम गर्ने र कहिले ज्यालादारी काम गरेर खर्चको जोहो गर्न थाल्यौं। काम गर्ने ठाउँमा दिएको नास्तालाई एक जनाको खाने र अर्कोको घरमा छोरीहरूलाई लगिदिने गर्थ्यौं। ट्रकमा काम गर्ने क्रममा मेरो श्रीमान्को आँखामा फलामको टुक्रा पसेर लामो समयसम्म काम गर्न सक्नु भएन। त्यतिबेला मलाई एक्लै परिवारको सम्पूर्ण खर्च धान्न ज्यादै गाह्रो भएको थियो। तैपनि मैले दिन-रात मिहिनेत गरेर तिनाउ नदीको किनारमा गिटी कुटेर साँझ-बिहानको पेट पाल्ने र श्रीमान्को उपचारको लागि केही भए पनि सहयोग गर्ने गरेकी थिएँ। यसै बीचमा मेरा लगातार ६ वटा छोरी जन्मिए। घरको अवस्था कमजोर, श्रीमान्ले काम गर्न नसक्ने भएकोले सुत्केरी अवस्थामा खाने खर्च नभएर कति छाक भोकै बसें भने सुत्केरी अवस्थामा पनि काम गर्नुपर्ने बाध्यता रहेको थियो। ६ वटी छोरी भएकोले परिवारले मलाई हेलाँको नजरले हेर्ने र श्रीमान्लाई पनि अनेक कुराहरू लगाउने गरेकोले श्रीमान्ले पनि मलाई हेलाँको नजरले हेर्ने, आमाबुबाका कुराहरू सुनेर झगडा गर्ने र उस्तै परे हात हाल्न पनि पछि नपर्ने जस्ता व्यवहारहरू देखाउने गर्नुहुन्थ्यो। आँखामा फलामको टुक्रा परेर काम गर्न नसक्ने अवस्थामा श्रीमान्को उपचार गर्न र परिवारको पेट पाल्न मेलापात गएर काम गर्न थालें। मेरो रातदिनको मिहिनेत र परिश्रम देखेपछि श्रीमान्ले बल्ल म माथि विश्वास गर्न थाल्नुभयो। घरको आर्थिक अवस्था ज्यादै नाजुक थियो त्यसैले समस्यामा जुध्दै जीवन निर्वाह गरिरहेकी थिएँ।"

यसै क्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत सुधारिएको चुलो निर्माण तालीमको सहभागिताका लागि स्थानीय सामाजिक परिचालक सुजनीको घर पुगे। शुरूमा त उनले सुधारिएको चुलो तथा यसको महत्वबारे केही पनि जानकारी नभएकाले तालीममा सहभागिता जनाउन चाहिनन्। उनलाई सुधारिएको चुलोको महत्व तथा यसले पार्ने सकारात्मक प्रभावको बारेमा जानकारी गराएपछि उनी तालीममा सहभागिताका लागि तयार भइन्। त्यसपछि २०६९ वैशाख १९ देखि २६ गतेसम्म सैनामैना सामुदायिक वनको कार्यालय परिसरमा संचालन भएको आठदिने सुधारिएको चुलो निर्माण तालीम लिइन्। उक्त तालीममा उनी सम्पूर्ण प्रकारका घरायसी तथा संस्थागत चुलो निर्माण गर्न सक्षम भइन्। विस्तारै उनी राम्रा राम्रा चुलो निर्माण गर्न सक्ने भइन्। यसरी उनी सुधारिएको चुलो निर्माणबाट वार्षिक रु.९०/९५ हजार आर्जन गर्न सक्षम भएकी छन्। यससँगै उनको जीवनचर्यामा पनि सहजता आइरहेको छ भने उनीप्रति समाजले हेर्ने दृष्टिकोणमा पनि परिवर्तन भएको छ। ■

# सुधारिएको चुलोः समय र दाउराको बचत



लेटाङ-१ कीर्तिमान निवासी २८ वर्षीया गीता दाहालले कीर्तिमान सामुदायिक वन उपभोक्ता समितिको टोली प्रमुखको जिम्मेवारी वहन गर्दै आएकी छन्। परम्परागत चुलो प्रयोग गर्दा धुवाँले आँखा पोल्ने र टाउको दुख्ने समस्या झेल्दै आएकी उनलाई भान्साकोठा धुवाँले गर्दा कालो हुनुका साथै चुलो चाँडै फोहोर हुनाले चुलो पोत्नका लागि पनि उत्तिकै धेरै समय दिनुपर्दथ्यो। यसरी दैनिक चुलो पोत्नुपर्ने र धेरै दाउरा संकलन गर्नुपर्ने भएकोले उनको फुर्सदको समय अति नै कम हुने गर्दथ्यो। कीर्तिमानमा आयोजित सुधारिएको चुलो सम्बन्धी एकदिने अभिमुखीकरण गोष्ठीमा सहभागी भएपछि सुधारिएको चुलो बनाउनका लागि प्रभावित भइन्। गीता भन्छिन्, “अभिमुखीकरण गोष्ठीको दिन परम्परागत चुलो र सुधारिएको रकेट चुलोमा उस्तै उस्तै भाँडामा उति नै चामल र दूध राखी दाउरा पनि बराबर जोखेर खीर पकाइयो। परिणामस्वरुप रकेट चुलोमा करीब ३०% दाउरा बचत भयो र तीन मिनेट जति चाँडै पनि पाक्यो। त्यो प्रदर्शनीबाट म साँच्चै नै सुधारिएको चुलोप्रति प्रभावित भएँ। त्यसैले मैले घरमा चुलो बनाएँ र अरू छिमेकीहरूलाई पनि चुलो बनाउन उत्साहित गराएँ। २१ परिवारले त मेरो सल्लाह पाएर चुलो बनाएका छन्।” गीताका अनुसार अर्को समूहका सदस्य जो चुलो बनाउने पक्षमा थिएनन् तिनीहरू पनि गीताको भान्साकोठामा बनेको दुईमुखे चुलो देखेर र यसको उपयोगिता सुनेर बनाउन थाले। गीता भन्छिन्, “यो चुलोमा आगो सल्काउन पनि सजिलो छ। भान्साकोठाबाट धुवाँ बाहिर जाने भएकोले अहिले मलाई आँखा पोल्ने समस्या छैन। अहिले प्रतिदिन ४ देखि ५ केजी दाउराले खाना पाक्छ भने पहिले ७ केजीभन्दा बढी दाउरा लाग्दथ्यो। अहिले मलाई दैनिक चुलो पोत्नु पनि परेको छैन। यो चुलोले थोरै ठाउँ मात्र ढाक्ने अनि हेर्दा पनि चिटिक्क परेको छ।” ■



"सुधारिएको चुलोमा आगो सल्काउन सजिलो छ । भान्साकोठाबाट धुवाँ बाहिर जाने भएकोले आँखा पोल्ने समस्या छैन । अहिले मलाई दैनिक चुलो पोत्नु पनि परेको छैन । यो चुलो थोरै ठाउँ मात्र ढाक्ने अनि हेर्दा पनि चिटिक्क परेको छ ।"

# चुलोले बदलेको चोला

पर्वतको भगरा-५ का गंगाप्रसाद शर्माले सुधारिएको चुलो बनाएर लाखौं आम्दानी गरेका छन्। वायु प्रदूषण मुक्त हुने गरी ग्रामीण भेगमा निर्माण हुने सुधारिएको चुलो बनाएर उनी छोटै अवधिमा लाखौं आम्दानी गर्न सफल भएका हुन्।

५० वर्षीया गंगाप्रसादका तीन छोरी र एक छोरा छन्। श्रीमती सहित ६ जनाको परिवार पाल्न उनलाई धौ-धौ थियो। आर्थिक समस्याले जागिरको खोजीमा भौंतारिएका उनी गाउँ विकास समितिको कार्यालय सहयोगी पनि बने। तर कार्यालय सहयोगीको मासिक रु.४ हजारको जागिरले परिवार पाल्न उनलाई निकै समस्या पर्न थाल्यो। गाउँको खेती किसानीबाट तीन महिना पनि मुश्किलले खान पुग्छ उनलाई। छोराछोरीलाई स्कूल र क्याम्पस पढाउन कठिन भइरहेको थियो।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा क्षेत्रीय सेवा केन्द्र/धौलागिरि सामुदायिक स्रोत केन्द्र र सिड नेपालले सुधारिएको चुलो निर्माण गर्ने तालीम दिएपछि उनी चुलोका 'मास्टर' बने। गाउँमा चुलो बनाउनेलाई 'स्टोभ मास्टर' भनेर चिनिन्छ। तालीम लिएपछि उनी गाविसको जागिर छाडेर गाउँमा चुलो बनाउन कस्सिए। उनी भन्छन्, "चुलोको साथले मेरो जीवन बदलियो।" माटोबाट निर्माण गरिने सुधारिएको चुलोबाट परम्परागत चुलो भन्दा कम धुवाँ हुन्छ। "चुलोमा बल्ने आगोबाट निस्कने धुवाँ बाहिर जाने पाइप राखिन्छ" गंगाप्रसाद भन्छन्, "गृहिणीलाई यसले धुवाँबाट बचाउँछ।" सुधारिएको चुलोमा खाना पकाउँदा दाउराको खपत कम हुने, खाना छिटो पाक्ने र भान्सामा धुवाँ नहुने हुँदा ग्रामीण भेगमा चुलोप्रति गृहिणीहरूको आकर्षण बढेको छ। उनी भन्छन्, "अचेल गाउँ घरमा सुधारिएको चुलो निर्माणको अभियान चलेको छ।"

चुलो बनाउँदै गाउँ गाउँ हिंडेपछि उनको आम्दानीमा पनि परिवर्तन भयो। हालसम्म पाँच हजारभन्दा बढी निर्माण गरिसकेका गंगाप्रसादले प्रति चुलो ६०० रुपैयाँसम्म लिंदै आएको बताए। मासिक २५ देखि ३० वटा चुलो जडान गर्ने बताउँदै गंगाप्रसादले चुलोले आफ्नो आर्थिक पाटोमा परिवर्तन ल्याएको बताए। घर खर्च चलाउन उनलाई अचेल कुनै समस्या छैन। उनी गर्वका साथ भन्छन्, "चुलोकै आम्दानीबाट एक छोरा र एक छोरीलाई डिग्री (स्नातकोत्तर) पढाएको छु।" पर्वत जिल्लाका दुई दर्जनभन्दा बढी गाविस पुगेका उनले कास्की र स्याङ्जामा पनि चुलो बनाउन पुगेको बताए। ■



"चुलोकै आम्दानीबाट एक छोरा र
एक छोरीलाई डिग्री
(स्नातकोत्तर) पढाएको छु ।"

– गंगाप्रसाद शर्मा




सुधारिएको चुलोमा खाना पकाउँदा दाउराको खपत कम हुने, खाना छिटो पाक्ने र भान्सामा धुवाँ नहुने हुँदा ग्रामीण भेगमा चुलोप्रति गृहिणीहरूको आकर्षण बढेको छ ।

# आमाले सञ्चालन गरे शुद्ध खानेपानी उद्योग




कास्की जिल्ला घान्द्रुक गाविसका आमा समूहको पहलकदमीमा समुदायमा आधारित घान्द्रुक शुद्ध खानेपानी उद्योग स्थापना गरी उत्पादन शुरू गरेका छन् ।



घान्द्रुक ग्रामीण पर्यटनको यस्तो गन्तव्य हो जसको नाम नेपालमा आन्तरिक तथा बाह्य पर्यटकका लागि कण्ठस्थ हुने गर्दछ। पर्यटकीय सुन्दर नगरी पोखराको नजिकै पर्ने यस ठाउँमा पोखरा आउने धेरैजसो पर्यटक पुग्ने गर्दछन्। मौलिक संस्कृति र आदिवासी गुरुङहरूको बाहुल्य रहेको यस बस्तीको पर्यटक लक्षित व्यवसाय नै प्रमुख पेशा हो।

परम्परागत रूपमा महिलाहरू पुरुषको योजनालाई सहयोग गर्ने, घरेलु काम गर्ने, बच्चाको स्याहारसुसार गर्ने मात्र हो भन्ने मान्यतालाई चुनौती दिँदै घान्द्रुकका आमाहरूले आफ्नै योजना, अग्रसरता र नेतृत्वमा २०७० फागुनबाट पर्यटकलाई लक्षित गरी शुद्ध खानेपानी उद्योग सञ्चालन गरेका छन्।

आ-आफ्नै ढंगले काम गर्दा पूँजी, श्रम र सीपका लागि पुरुषहरूमा निर्भर हुनुपर्ने भन्दै उनीहरू संगठित रूपमा अघि बढेका छन्। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमको आर्थिक सहयोग रु.३ लाख तथा रु.४ लाख ९३ हजार बराबरको आफ्नै लगानी र धौलागिरि सामुदायिक स्रोत केन्द्र, बाग्लुङको उत्पादनशील ऊर्जा परिप्रयोग कम्पोनेन्टको सहजीकरण तथा प्राविधिक सहयोगमा २०७० साल फागुन महिनामा कास्की, घान्द्रुक गाविसका आमा समूहको पहलकदमीमा महिलाहरूले समुदायमा आधारित घान्द्रुक शुद्ध खानेपानी उद्योग स्थापना गरी उत्पादन शुरु गरेका छन्। धौलागिरि सामुदायिक स्रोत केन्द्रको उद्यम विकास एवं लैंगिक समानता तथा सामाजिक समावेशीकरण तालीमबाट प्रभावित भई पर्यटकीय क्षेत्रको रूपमा रहेको यस क्षेत्रमा पर्यटकले प्लाष्टिकका बोतलको पानी प्रयोग गर्ने गर्दा पर्यावरणमा समेत असर परेको महसूस गर्दै आमा समूहका महिलाले प्लाष्टिक बोतलरहित शुद्ध खानेपानी उपलब्ध गराउने सोचसहित यो कार्य अगाडि बढाइरहेका छन्।

सधैं सोचे जस्तो कहाँ हुन्छ र ! शुरूमा बोतलको बदलामा जारका माध्यमबाट पानी उपलब्ध गराउँदै आएको यस उद्योगले शुरूमा ७ वटा जारबाट पानी वितरण गर्न थाल्यो। तर समय र व्यावसायिक वातावरण उनीहरूको पक्षमा भएन। एकातिर आम्दानीले एकजना कर्मचारी राख्न समेत हम्मे पर्‍यो भने अर्कोतिर बोतलको पानी प्रयोग गर्ने पर्यटक, होटल तथा अन्य उपभोक्ताहरूले जारको पानी माथि प्रश्न उठाए। विश्वसनीयतामा शंका हुन थाल्यो। समूहकी अध्यक्ष उदिसुभा गुरुङको भनाइमा पानीको शुद्धता प्रतिको विश्वसनीयता बनाउन नसक्दा उद्योग बन्द गर्नुपर्ने अवस्था आयो।

उदिसुभा भन्छिन्, “हामीहरूले हिम्मत हारेनौं। वातावरण अनुकूलित शुद्ध पानीको प्रयोग बढाउनुपर्छ भन्दै आमा समूह र उद्योग समूह मार्फत हामीले गाविसका अन्य आमा समूह र संघसंस्थाबीच समन्वय बढायौं। अन्तरक्रिया गर्‍यौं। होटल सञ्चालकहरूलाई पानी उत्पादन प्रणालीका बारेमा जानकारी गरायौं। जारको पानी परीक्षण गरायौं र लेबल टाँस्न थालियो। विस्तारै उनीहरूले कुरा बुझ्न र पानीको माग बढ्न थाल्यो। हाम्रो शुद्ध खानेपानीको व्यवसाय हाल आएर सफलताका साथ संचालन हुन थालेको छ।” ■

# दैवले श्रीमान् चुँडे पनि चुलोले जोडेको जीवन

जीवनमा सफलता पाउन ठूलै काम गर्नुपर्छ भन्ने गलत मान्यताका कारण मानिसहरू सानो काम र प्रयासबाट पनि जीवनमा परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरा बिर्सिरहेका छन् । तर सानो कामको सुरुआतबाट पनि जीवनमा बाँच्ने आधार बनाउन सकिन्छ। मनमा अठोट र काममा लगनशीलता साथै इमानदारी भयो भने सफलता खोज्न टाढा जानु पर्दैन भन्ने उदाहरण बनेकी छन्, सुशीला गैरे।

विष्णुप्रसाद र खिमाकी छोरीका रूपमा १७ भदौ २०३८ मा जन्मेकी सुशीलाले अर्काको घरमा ज्याला मजदूरी गर्दै एसएलसीसम्म पढिन्। गरीबी र अरू भाइबहिनीलाई पनि पढाउनुपर्ने पारिवारिक जिम्मेवारीले पढ्ने चाहना भएर पनि बीचैमा पढाइलाई अन्त्य गर्नुपऱ्यो। छोरीको जात माइती घरमा धेरै समय राख्नुहुँदैन भन्ने मान्यताले गर्दा २०५५ सालमा विष्णुप्रसाद भुसालसँग विवाह बन्धनमा बाँधिएकी सुशीलाको २०६३ सालमा अचानक श्रीमान्को मृत्यु भएपछि परिवारमा ठूलै बज्रपात भयो। जीवनभर साथ दिने बाचामा बाँधिएकी सुशीलालाई श्रीमान्ले छाडेर गएपछि कसरी बाँच्ने भन्ने अन्योल थियो। त्यसमाथि ठूलो छोरो पनि सुस्त मनस्थितिको भएपछि झनै पीडा थपिएको थियो। दुई छोरा सहितको परिवारलाई गाँस र बासको व्यवस्था गर्न निकै कठिन थियो। पछि माइतीको सहयोगमा सानो बस्ने बासको व्यवस्था त भयो तर बिहान-बेलुकाको छाक टार्न हम्मे-हम्मे भयो। उनी बताउँछिन्, "जीवन धान्न ज्याला मजदूरी, निर्वाचन ताका म्यादी प्रहरी र कपिलवस्तु जिल्लाकै सक्रिय सामाजिक संस्थामा परिचालकको रूपमा एक वर्षजति काम पनि गरें। त्यो काम सकिएपछि म बेरोजगार भएँ, अन्य काम गरौं भने पनि कुनै सीप थिएन।"

कपिलवस्तुमा सुधारिएको चुलो निर्माण सम्बन्धी स्टोभ मास्टर तालीम हुने थाहा पाएपछि २०६७ साल मंसीर १५ देखि २२ गतेसम्म कोपवा गाविसमा संचालित सुधारिएको चुलो जडान तथा मर्मत तालीममा बरकलपुर गाविसको तर्फबाट सुशीलाले सहभागिता जनाइन्। तालीम लिंदा उनलाई लागेको थियो, चुलोको माग आउँछ, दिनमा कम्तीमा दुइटा चुलो जडान गरें भने पनि ८०० रुपैयाँ कमाइ हुन्छ। तर त्यति सजिलै माग नआएपछि चिन्तामा परेकी सुशीलाको लागि उनकै गाविसमा ऊर्जा सम्बन्धी प्रदर्शनी तथा अन्तरक्रियात्मक कार्यक्रमबाट थप हौसला प्राप्त भयो। उक्त कार्यक्रमपश्चात् विस्तारै माग आउन थालेपछि घरघरमा गएर

सुधारिएको चुलोको बारेमा बताउँदै माग पनि संकलन गर्न थालिन्। आजभोलि त उनलाई भ्याई नभ्याई छ। त्यसैले त अहिले सुशीलाले चुलोबाट भएको आम्दानीले घरपरिवारको खर्च चलाएकी छन् भने चुलोकै आम्दानीबाट २१ इन्चको रंगीन टेलिभिजन, एल.पी ग्याँस लगायत अन्य घरायसी सामग्री किनेकी छन्। साथै बचत रकम ब्याजमा पनि लगानी गरेकी छन्। उनले आफ्नो आर्थिक अवस्थाबारे भनिन्, "म यो कार्यक्रम संचालन गर्ने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम र धौलागिरी सामुदायिक स्रोत विकास केन्द्रलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु।" ■



जीवनमा सफलता पाउन ठूलै काम गर्नुपर्छ भन्ने गलत मान्यताका कारण मानिसहरू सानो काम र प्रयासबाट पनि जीवनमा परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरा बिर्सिरहेका छन्।

# एकल महिलाको सहारा सुधारिएको चुलो

सिरहाको पोखरभिण्डा-६ पर्सा टोल घर भएकी चौरासीवती दनुवार (५६ वर्ष) एकल महिला हुन्। विवाह भएको केही महिनामै श्रीमान्‌को मृत्यु भयो। त्यसपछि उनी बहिनीको घरमा आश्रय लिएर बस्न थालिन्। बहिनीका दुई छोराको लालनपालनमा सहयोग गरिन्। बहिनीज्वाइँको मृत्यु भएपछि दुवै दिदीबहिनी बेसहारा भए।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमको सहयोगमा सगरमाथा सामुदायिक विकास केन्द्र (क्षेत्रीय सेवा केन्द्र), विराटनगरद्वारा संचालित जैविक ऊर्जा कार्यक्रम पोखरभिण्डा गाविसको लागि स्टोभ मास्टर (चुलो मिस्त्री) मा छनोट भएँ। लहानमा ८ दिनको स्टोभ मास्टर तालीम लिएर आएँ, तालीमपश्चात् मैले धेरै चुलो निर्माण गरें। मैले आफूले घरको कामधन्दा सकेर बाँकी रहेको समयमा बिहान, दिउँसो बेलुका सुधारिएको चुलो बनाउने गरेकी छु। शुरूमा बनाएको चुलो आफ्नै घरमा प्रयोग गरें। छिमेकीहरूले हेर्न आए। धुवाँमुक्त र थोरै दाउरामा खाना पाकेको देखेर नजिकका छिमेकीहरूले पनि चुलो बनाइदिन आग्रह गर्न थाले। मैले बनाएको चुलोको प्रचार–प्रसार र जनचेतना जगाउने कार्यमा स्थानीय सामाजिक परिचालक खुश्बु मल्ल हमालले घर-घर, टोल-टोलमा गएर यसका फाइदा बताएपछि धमाधम चुलोको माग बढ्यो। परम्परागत चुलो हटाएर मैले बनाएको चुलो बालेर १११ घरपरिवारलाई धुवाँमुक्त बनाई श्वासप्रश्वास रोगको सम्भावना कम गर्न मद्दत पुऱ्याएकी छु। यसबाट मलाई खुशी लागेको छ। खुशी लाग्नुको अर्को कारण मैले बनाएको सुधारिएको चुलो बालेर 'खुशी ऊर्जा समूह' का उपभोक्ता पनि खुशी भएका छन्।

सुधारिएको चुलो बनाउने तालीमले मलाई सीप सिकायो भने अर्कोतिर मैले आर्थिक उपार्जन पनि गरें। मेरो फुर्सदको समय सदुपयोग भएको छ भने कहिल्यै हात खाली बस्नु नपर्ने आयआर्जन समेत भएको छ। चुलो बेचेर पनि मैले राम्रो आम्दानी गरेकी छु। चुलो बेचेर तथा संस्थाबाट प्राप्त रुपैयाँ केही घर खर्च गरें भने केही बचत पनि गरें। यही चुलो वनाएको रकमले मैले रु.४ हजारमा एउटा बाख्रो पनि किनें। एकातिर कहिल्यै पनि




> मैले बनाएको सुधारिएको चुलो बालेर 'खुशी ऊर्जा समूह' का उपभोक्ता पनि खुशी भएका छन् ।




नबिर्सिने सीप र अर्कोतिर आर्थिक उपार्जनले गर्दा कसैसँग हात थाप्नु नपर्ने भएकाले म एकदमै सन्तुष्ट छु ।

आगामी दिनमा पनि सुधारिएको चुलो बनाएरै राम्रो आम्दानी गर्ने र आफ्नो जीवनयापन गर्ने, आर्थिक रूपमा सबल भई बचत गर्दै जाने लक्ष्य लिएकी छु । गाउँ गाउँमा जनचेतना फैलाई गाविसका प्रत्येक घरधुरीमा सुधारिएको चुलो जडान गरी पोखरभिण्डालाई सिरहा जिल्लाकै पहिलो धुवाँमुक्त नमूना गाविसको रूपमा चिनाउने छु । म यस पेशालाई नै एक सफल व्यवसायको रूपमा अँगाल्नेछु । म र मेरी बहिनी दुवै एकल महिलालाई आर्थिक रूपमा सुधारिएको चुलो बनाउने सीप नै सहारा भएको छ । ■



सुधारिएको पानीघट्टले रामसिंह ठगुन्नाको व्यवसाय तथा सीपमा ऊर्जाको काम गऱ्यो जसले उनको परिवारलाई जीविकोपार्जनमा थप सहयोग पुग्यो ।



# सुधारिएको घट्ट: बढायो आत्मविश्वास

दार्चुलाको खलंगा नगरपालिका किम्तडी गाउँमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको आर्थिक सहयोग, ग्रामीण विकास सेवा केन्द्र, डोटीको समन्वय तथा सामुदायिक ग्रामीण विकास समाज नेपाल, दार्चुलाको प्राविधिक सहजीकरणमा सुधारिएको पानी घट्ट संचालनमा आएका छन् ।

किम्तडी गाउँका २० वर्षीय रामसिंह ठगुन्नाको परिवारमा तीन जना सदस्य छन्। उनी शारीरिक रूपमा अपाङ्ग छन् । उनका दाजु पनि परिवारबाट अलग भएर बसेका छन् । तर रामसिंह बूढा आमा-बुवासँगै छन् ।

रामसिंहसँग जीवन निर्वाह गर्ने आम्दानीको नाममा विगत १० वर्षदेखि संचालित परम्परागत घट्ट बाहेक अरू केही थिएन । त्यतिबेला दैनिक १०० रुपैयाँ मात्र आम्दानी हुनुका साथै समय पनि धेरै खर्च हुन्थ्यो। घट्ट पनि वर्षको ८ महिना मात्र संचालन हुन्थ्यो। उनीहरूलाई जीवन निर्वाह गर्न धेरै नै गाह्रो भैसकेको थियो ।

रामसिंहले जब २०७० सालमा सामुदायिक ग्रामीण विकास समाज, दार्चुलामा घट्ट सुधारको लागि पहल गरे त्यसपछि उक्त संस्थाको सहयोगमा परम्परागत घट्टलाई सुधार गर्ने अवसर पाए। जसले गर्दा उनीहरूको दैनिक आम्दानी दोब्बरले बढ्न गई मासिक आम्दानी ६ हजार रुपैयाँसम्म हुन आयो। अब उनीहरूको पारिवारिक खर्चमा सहयोग पुग्नुका साथै आय आर्जनका कार्यमा खर्च गरी बाख्रापालन व्यवसाय संचालन गरे। घट्ट पनि वर्षैभरि संचालनमा आएकोले वार्षिक आम्दानीमा उल्लेख्य वृद्धि हुन गई जीवनस्तरमा केही हदसम्म सुधार भयो। हाल उनले आमाको सहयोगमा सुधारिएको घट्ट संचालन गर्दै आइरहेका छन् जसबाट बचेको समयमा आमा-छोरा मिली गिट्टी कुट्ने कामबाट पनि दैनिक रु.४०० भन्दा बढी आम्दानी गरिरहेका छन् ।

सुधारिएको पानीघट्टले रामसिंह ठगुन्नाको व्यवसाय तथा सीपमा ऊर्जाको काम गर्‍यो जसले उनको परिवारलाई जीविकोपार्जनमा थप सहयोग पुग्यो । ■



# सौर्य प्रविधिले दु:ख बिर्सायो

डडेल्धुराको शीर्ष गाविस (हाल: परशुराम नगरपालिका-३) को कालीढुङ्गा गाउँमा रहेका ३२ घरधुरीमध्ये ८ परिवार दलित छन्। जोगबुढा, राजपुरदेखि उत्तरपश्चिमतर्फ दुई घण्टाको पैदल यात्रापछि पुग्न सकिने त्यहाँको आम्दानीको स्रोत बाख्रा, भैंसी पालन र मकैखेती रहेको छ भने दलित समुदायले आरनको काम गरेर जीविका चलाउने गरेका छन्। समुदायका धेरैजसो पुरुष रोजगारको लागि भारततिर गएका छन् जसले गर्दा यहाँका महिलालाई कार्य बोझ बढेको छ।

खानेपानीको ठूलो समस्याबाट गुज्रिएको यस गाउँमा एक घण्टाको दूरीमा खानेपानीको मुहान थियो। यहाँका बालबालिका र महिलाहरूको धेरैजसो समय पानी बोक्नमा नै बित्थ्यो। गाउँमा पानी नभएकोले समुदायले सरसफाईमा पनि त्यति ध्यान दिएका थिएनन्। एक घण्टाको टाढा दूरीमा भएकोले विद्यार्थी समयमा विद्यालय पुग्न पनि सक्थेनन्। बिजुली नभएकोले उज्यालोको लागि गाउँमा सबैले सोलार प्रविधिबाट गुजारा गरिरहेका थिए।

त्यहाँका बासिन्दाले जब सोलार प्रविधिबाट खानेपानी आपूर्ति हुन्छ भन्ने सुने तब सबै मिलेर दुई वर्षदेखि खानेपानीको लागि पहल गरे। आर्थिक समस्याका कारण ऋण लिएर काम शुरू गरेका उनीहरूले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदान सहयोग र बायो इनर्जीको प्राविधिक सहयोगमा खानेपानी निर्माण गरे। पाइप लाइन खन्ने, बालुवा गिट्टी, ढुङ्गा बोक्ने सबै काम महिलाहरूले नै गरे। पहिले समुदायका केही व्यक्तिले विरोध पनि गरे तर ग्रामीण विकास सेवा केन्द्र र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सहजीकरणमा समुदायले सक्रिय भएर खानेपानी निर्माण गरे। जसले गर्दा अहिले समुदायले घर नजिकै खानेपानी उपभोग गर्न पाएका छन्।

उक्त खानेपानीबाट ३२ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्। ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोगमा खानेपानीको धारा र सम्पूर्ण घरधुरीमा पक्की चर्पी निर्माण भई सबैले प्रयोग गरिसकेका छन्। फलत: समुदायमा खानेपानीको आपूर्ति भई महिलाको कार्यबोझमा कमी आउनुका साथै समयको पनि बचत भएको छ भने बालबालिकाले बिहान बेलुका पानी बोक्ने समय अध्ययनमा लगाएका छन्। उपभोक्ताहरूले खेर जाने पानी सिंचाइको रूपमा प्रयोग गरी व्यावसायिक रूपमा आय आर्जन गर्ने लक्ष्य लिएका छन्। ■

# पैसा फलाउन विदेशै जानुपर्दैन

उदयपुरको रुपाटार-७ का मानबहादुर खड्का पूर्णबहादुर र भीमकुमारीका कान्छा छोरा हुन्। उनको बाल्यकाल आमाबुबाको स्नेह र मायाममतामै हुर्कियो। मानबहादुरले गाउँ नजिकै रहेको स्कूलबाट एसएलसीसम्मको पढाइ पूरा गरे। तर बाँकी पढाइ चरम आर्थिक अभावका कारण अगाडि बढाउन सकेनन्।

विवाहपश्चात् चार छोरी, एक छोरा, श्रीमती र स्वयंलाई धान्न उनलाई झनै समस्या भयो। सधैंका लागि गरीबीबाट मुक्ति पाउनको लागि उनले दाजुसँग कुनै काम गरौं भनेर सरसल्लाह गर्न खोज्दा नेपालमा केही गर्न नसकिने बताए। उनले बाख्रा वा कुखुरापालन गरी नेपालमा नै व्यवसाय गर्ने सोच बनाए पनि आर्थिक अभाव र हौसला दिने कोही नपाएर केही गर्न सकिरहेका थिएनन्। तर पनि उनले हार भने मानेका थिएनन्।

रुपाटार गाविसमा यारी खोला लघु जलविद्युत् आयोजना संचालनमा आएपछि बिजुली बल्न थाल्यो। एक त ठूलो परिवार पालनपोषण गर्न गाह्रो त्यसमाथि बिजुलीको महसुल थपिएपछि उनलाई घर चलाउन झन् मुश्किल पर्न थाल्यो।

२०७० सालमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गतको सगरमाथा सामुदायिक विकास केन्द्र/उत्पादनमूलक ऊर्जा उपयोगका कर्मचारीले रुपाटार यारी खोला लघु जलविद्युत् आयोजनाको लाभान्वित क्षेत्रमा पिछडिएका वर्ग, महिला तथा गरिबहरूको भेला गरी चेतनामूलक कार्यक्रम गरे। त्यस बेला उनले पनि व्यवसाय गर्ने इच्छा व्यक्त गरे। उनको छनौट भयो र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा रु.१० हजार र आफ्नो केही लगानीमा कुखुरापालन व्यवसाय शुरू गरे।

अहिले मानबहादुरले कुखुरापालनबाट एकपटकमा रु.२० हजारदेखि ३० हजारसम्म आम्दानी गरिरहेका छन्। यही कारण उनलाई घर खर्च चलाउन र बिजुलीको महसुल तिर्न सजिलो भएको छ। श्रम गरे आफ्नै देशमा मोहर फल्ने विश्वास गर्छन् मानबहादुर खड्का। विदेश जान चाहनेलाई उनी नेपालमै बसेर श्रम गर्न सल्लाह दिन्छन्।



कुखुरापालनबाट एकपटकमा रू.२० हजारदेखि रू.३० हजारसम्म आम्दानी गरिरहेका मानबहादुर श्रम गरे आफ्नै देशमा पैसा फल्ने विश्वास गर्छन् । विदेश जान चाहनेलाई उनी नेपालमै बसेर श्रम गर्न सल्लाह दिन्छन् ।



# रूप फेरिएकी रुइया

उदयपुर जिल्लाको रुपाटार-६ मा २०१७ सालमा जन्मिएकी रुइया दमाई घरकी कान्छी छोरी हुन् । उनलाई सानो छँदा घरका सबै परिवार तथा छरछिमेकीले माया गरेर 'रुइया चरी' को नामले बोलाउने गर्थे र पछि उनको नाम नै रुइया रहन गयो । उनले सोही नामबाट नै नागरिकता बनाइन् । विवाह नगरी बसेकी उनी २०५५ सालमा आमा र २०५८ सालमा बुबाको निधनसँगै एक्ली हुन पुगिन् ।

रुइयाले बुबाले गर्दै आएको परम्परागत सिलाइ-कटाइको सामान्य सीप सिकेकी थिइन् । सामान्य सिलाइ-कटाइ सीप भए पनि आफूसँग कपडा सिलाउने मेशीन नभएपछि छाक टार्न अर्काकोमा काम गर्थिन् । उनी ज्यालामा पैसा नलिई छाक टार्न चामल, कोदो, मकै लिन्थिन् । गाउँमा अरू छरछिमेकी चाडपर्वमा सेलरोटी, मिठाई खान्थे भने मासुको पनि जोहो गर्थे । उनीसँग पैसा नहुने र पैसा तिर्ने हैसियत छैन भनेर समुदायमा काटेको मासु धरी दिँदैनथे । त्यतिबेला उनी आफ्नो भाग्यलाई दोष दिन्थिन् ।

केही वर्ष अगाडि रुपाटार गाविसमा अवस्थित यारी खोला लघु जलविद्युत् आयोजना संचालनमा आयो र धेरैको घरमा बिजुली झिलीमिली बल्न थाल्यो । उनले घरमा मिटर राख्दा धेरै पैसा लाग्ने कारणले सामान्य तार र बल्ब किनेर छिमेकीको घरबाट लाइन लगी जसोतसो आफ्नो घरमा बत्ती बाल्न सफल भइन् । तर उनलाई महसुल तिर्न गाह्रो भैरहेको थियो र महसुल तिर्न नसकेकै कारण छिमेकीको घोचपेच सहनु परिरहेको थियो । २०७० सालमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम र उत्पादनमूलक ऊर्जा उपयोग कार्यक्रमले पिछडिएको वर्ग, गरीब महिलाहरूको भेला र स्थानीय आर्थिक विकास समितिको मिटिङमा उनको पनि उपस्थिति गरायो । अरूसँगै उनको नाम पनि आयआर्जनको सहयोग सूचीमा पर्न गयो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा रु.१० हजार र आफूसँग भएको केही लगानीमा उनले कपडा सिलाउने मेशीन र अन्य आवश्यक सामग्री किनेर कपडा सिलाउने काम गरी आयआर्जन गर्न थालिन् ।

यसरी लुगा सिलाउँदा उनले मासिक ३ हजारदेखि ६ हजारसम्म आम्दानी गर्न थालेकी छिन् । उनलाई अहिले सो आम्दानीबाट विद्युत् महसुल तिर्न सहज भएको छ । बिजुली



वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा रू.१० हजार र आफूसँग भएको केही लगानीमा रूइयाले कपडा सिलाउने मेशीन र अन्य आवश्यक सामग्री किनेर आयआर्जन गर्न थालिन् ।




बत्तीको महसुल तिर्न नसकेर गाली खाने समस्याबाट पनि मुक्त भएकी छिन् भने पहिले मासु नदिने समुदायले अहिले तिर्न सक्ने क्षमता देखेर उनको घरमा नै मासु छोड्ने गर्दछन्। आयआर्जन कार्यक्रमको सहयोग मार्फत सीप सही ढंगले प्रयोगमा आउँदा आयआर्जन गरी जीवन चलाउन सजिलो भएको छ, रुइया दमाईलाई । ■

# सुधारिएको चुलोः हटायो चिन्ता

तेह्रथुमको शनिश्चरे नगरपालिका-१ जिरीखिम्तीमा २०१४ असोज ७ गते जन्मिएका सूर्यबहादुर संग्रौलाका श्रीमती, पाँच छोरी र एक छोरा गरी ८ जनाको परिवार छ। संग्रौला पहिले अरूको खेत अधियाँमा कमाउने सामान्य किसान थिए। अरूको खेती गर्दा उनको परिवारलाई जीवनयापन गर्न धेरै गाह्रो थियो। छोराछोरीलाई पढाउनको लागि धेरै समस्या थियो। उनकी श्रीमती छोराछोरीलाई पढाउन सकिँदैन भनेर बारम्बार चिन्ता गरिरहन्थिन्। सामान्य लेखपढले गर्दा जागिर खान पनि नसकेका र चेतनाको कमिले छोराछोरी पनि बढी जन्माएका संग्रौलालाई छोराछोरी पढाउन र घर व्यवहार धान्न धेरै गाह्रो भइरहेको थियो। अभावको कारणले श्रीमतीसँग पनि झगडा भइरहन्थ्यो। यसै परिस्थितिमा सगरमाथा सामुदायिक विकास केन्द्रबाट सुधारिएको चुलोको तालीम सञ्चालन हुने जानकारी पाए। त्यसपछि २०७०, फागुन २ देखि ९ गतेसम्मको तालीममा सहभागी भएर विराटनगरमा बसेर ११ प्रकारको चुलो बनाउन जान्ने भए। तालीमबाट फर्किएलगत्तै आफ्नै घरमा चार प्रकारका चुलो बनाएर राखे। त्यसपछि गाउँमा धेरै चुलोको माग आयो।

"अहिले दुईमुखे र तगारी रकेट चुलो गरी लगभग ३०० वटा बनाएर बेचिसकें त्यसबाट मलाई रु.८० हजार आम्दानी भएको छ। छोराछोरीलाई पढाउन धेरै सजिलो र घर व्यवहार धान्न पनि धेरै सहज भएको छ", संग्रौला भन्छन्। श्रीमान् श्रीमती दुवै जना चुलो बनाउँछन्। गाउँमा ब्याजमा लिएको रु.४० हजार ऋण पनि तिरीसके र अहिले अरूलाई ऋण दिन थालेका छन्। "अहिले अन्य गाविसबाट पनि चुलोको माग आउने गर्दछ र भ्याई-नभ्याईको अवस्था छ। गाउँमा म चुलो बनाउने मिस्त्रीको रूपमा चिनिन थालेको छु", संग्रौला भन्छन्। ■



"दुईमुखे र तगारी रकेट चुलोको कमाइबाट छोराछोरीलाई पढाउन र घर-व्यवहार धान्न पनि धेरै सहज भएको छ ।"

– सूर्यबहादुर संग्रौला



# सफल व्यवसायी



'सेवा गरे मेवा मिल्छ' यी शब्दसँग मेल खान पुगेको छ, खलंगा-५ छेराका भिउसन नेपालीको। पहिले परिवारलाई कसरी पालनपोषण गर्ने भन्ने चिन्ताले उनलाई सताउने गर्दथ्यो तर अहिले के खाऊँ के लाऊँको समस्या छैन, गाउँमा अरूलाई सक्दो सरसहयोग गर्न सक्षम भएका छन्। अवसर पायो भने मानिसको जीवनले कोल्टे फेर्न समय लाग्दैन, उनको जीवनमा यो भनाइ सत्य सावित भएको छ।

खलंगा गाविसको सोलावाङ्गमा विद्युतीकरणसँगै क्षेत्रीय सेवा केन्द्र मार्फत राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम लागू भएपछि विकासको नयाँ ढोका समेत खुलेको छ। ६० किलोवाट क्षमताको साँखखोला तेस्रो लघु जलविद्युत् आयोजनाको निर्माणले टुकी र दियालोको भरमा बस्न बाध्य यस गाउँमा विद्युतीकरणसँगै उत्पादनमूलक ऊर्जा प्रयोग अन्तर्गत व्यवसाय सचेतना तथा प्रवर्द्धन तालीम सञ्चालन भए। व्यवसाय सचेतना तथा प्रवर्द्धन तालीम भिउसन नेपाली जस्ताको जीवनस्तर माथि उकास्न सार्थक भयो र उनलाई बाँच्ने आधार पनि।

तालीम समापनपश्चात् उनलाई केही गर्ने आशा जागेको थियो । त्यसो त उनले पहिलेदेखि नै आरन व्यवसाय गर्दै आएका थिए, जुन बालीघरे प्रथामा आधारित थियो । आफ्नो परम्परागत पेशाको व्यावसायीकरण गर्न उनमा ज्ञान र लगानी दुवैको अभाव थियो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम, क्षेत्रीय सेवा केन्द्र/ब्याक वार्ड एजुकेशन सोसाइटी (बेस) अन्तर्गत उत्पादनमूलक ऊर्जा प्रयोग कम्पोनेन्टबाट प्रदान गरिएको तालीममा सिकेको ज्ञान, उपलब्ध गराइएको अनुदान र आफ्नो स्वलगानी गरी कुल जम्मा रु.२ लाख ७२ हजारमा मेशीन, औजार तथा उपकरण खरीद गरी २०७१ साल वैशाख २ गतेदेखि आर.एन ग्रील उद्योगको नामबाट व्यवसायको सुरुआत गरे। उनले हाल सटर, चेन गेट, भऱ्याङ्ग लगायत ग्रील सम्बन्धी विभिन्न किसिमका वस्तुहरू निर्माण गरिरहेका छन्। उक्त कार्यबाट उनले मनग्ये आम्दानी गर्न थालेका छन्। यति मात्र होइन, उनले ग्रीलकै बेन्च र डेस्क निर्माण गरी बेच्ने पनि गर्दछन्। सोलावाङ्ग बजारका धेरैका घरहरूमा उनले बनाएर बिक्री गरेका सटर, चेन गेट, भऱ्याङ्ग लगायत ग्रील सम्बन्धीका विभिन्न किसिमका वस्तु देख्न सकिन्छ । प्रति घर रु.१८ हजारदेखि रु.१ लाख ५० हजारसम्म ग्रीलका सामग्री निर्माण गरी बेच्ने गरेको नेपाली बताउँछन्। यसले उनको घरको आर्थिक अवस्था र दिनचर्याले कोल्टे फेर्न थालेको छ । हालको व्यवसाय उनको लागि जीविकोपार्जनको आधार बनेको छ ।

सुधारिएको आरन तथा ग्रील व्यवसायले उनको आम्दानी मात्र नभई, जीवनशैलीमा पनि परिवर्तन आएको छ। उनी भन्छन्, "यो व्यवसायले मेरो बाँच्ने शैलीमा परिवर्तन ल्याएको छ। मलाई थप काम गर्न यसले उत्साह तथा हौसला प्रदान गरेको छ।" सोलावाङ्ग बजार विस्तारका क्रममा रहेको र आधुनिक घरहरू बन्दै गरिरहेकाले आफ्नो उद्योगका लागि राम्रो वातावरण भएकोले पनि उनलाई यस व्यवसायमा सफलता मिलेको हो । उनले उत्पादन गरेका सामग्रीलाई बजारको कुनै समस्या छैन। कार्य समितिका अध्यक्ष जगतबहादुर खड्का भन्छन् "भिउसनले निर्माण गरेको ग्रीलका बेन्च र डेस्कहरू छिमेकी गाविसका विद्यालयसम्म पुगिसकेका छन्। बेन्च र डेस्कको अतिरिक्त उनले माग भएजति ग्रीलका झ्याल र सटरहरूको आपूर्ति गर्न पनि सक्षम भएका छन्। उनको सफलता देखेर गाउँले पनि दंग छन्।"

यो व्यवसायलाई निरन्तरता दिई बजारमा बढिरहेको आधुनिक झ्याल तथा रेलिङ्गहरूको मागलाई पूरा गर्ने तथा बाहिर जिल्लाबाट आइरहेका ग्रीलका सामग्रीलाई विस्थापित गर्न सकेकोमा उनी पनि सन्तुष्ट देखिन्छन्। अहिले यो व्यवसायको आम्दानीबाट मैले अन्य आयआर्जन हुने खालका व्यवसाय गर्ने सोच गरेको छु", भिउसन भन्छन्।

उनी आफ्नो सफलताको कारण वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम र क्षेत्रीय सेवा केन्द्र/ब्याक वार्ड एजुकेशन सोसाइटीलाई मान्दछन्। यदि गाउँमा सो कार्यक्रम नआएको भए म सधैं हातमुख जोर्ने समस्यासँग नै जेलिएर बस्ने थिएँ। उनी ग्रील उद्योगका मालिक मात्र होइनन्, यस गाउँका पौरख गर्नेका लागि प्रेरणाका स्रोत पनि भएका छन्। ■

# फेदको पानी टुप्पोमा...

खोलागाउँ गाविस-६ स्थित जोगीनेटा गाउँ रुकुम सदरमुकामदेखि झण्डै ६० किलोमीटर दक्षिणपूर्वमा पर्दछ। यहाँका प्रेम केसी जोगीनेटा ग्रामीण सामुदायिक सौर्य खानेपानी आयोजनाको अध्यक्ष पदमा कार्यरत छन्। यहाँ ४ घर दलित बाहेक अन्य ५८ घर बाहुन-क्षेत्रीका रहेका छन्। यस गाउँमा सुरुआतदेखि नै पानीको निकै समस्या रहेको थियो। जहाँ एकपटक पानी लिनको लागि दुई घण्टा आउन जान र राति ४ बजेदेखि नै तँछाडमछाड गरी पानी थाप्नेको भीड लाग्ने गर्दथ्यो। पानीको कारणले गर्दा नै जोगीनेटा गाउँ व्यक्तिगत, वातावरणीय र घरायसी सरसफाइका साथै बालबच्चाको शिक्षादीक्षामा पनि निकै नै पछाडि रहेको थियो।

अ.हे.व पढी गाउँमै सामान्य औषधि पसल राखेका केसी २०६८ सालतिर छिमेकी गाविसका समुदायलाई औषधि उपचार गर्न जाँदा सो गाविसमा सौर्य ऊर्जा पम्पिङ्ग प्रणालीबाट पानी तानेको पहिलो पटक देखेका थिए। त्यसपछि खुल्दुली भई खानेपानीका अध्यक्षलाई भेट्दा सौर्य ऊर्जाको माध्यमबाट पम्प राखी पानी माथि तान्न सकिने कुरा र त्यस प्रणालीलाई प्रत्यक्ष देख्ने अवसर पनि पाए। घर फर्कंदासम्म पनि मनमा खुल्दुली भई नै रह्यो, पानीको अभाव रहेको गाउँको तस्वीर झलझली देख्न थाले। त्यसपछि गाउँमा कुरा राखे तर कसैले विश्वास गरेनन्। त्यसपछि यसको बारेमा सोधपुछ गर्दै जाँदा दाङ जिल्लामा संचालित वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत ऊर्जा पम्पिङ्ग प्रणाली सम्बन्धी काम भएको जानकारी प्राप्त भयो।

२०६९ साल असोजमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोग र क्षेत्रीय सेवा केन्द्र/ब्याक वार्ड एजुकेशन सोसाइटीको अग्रसरतामा रु.१५ लाख अनुदान सहयोग, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र गाविसबाट रु.१ लाख १५ हजार, जिविस रुकुमबाट रु.१ लाख, दुर्गम क्षेत्र विकास कोषबाट रु.७ लाख, शान्ति मन्त्रालयबाट रु.३ लाख, समुदायको नगद योगदान रु.६ लाख ९२ हजार र श्रमदान रु.५ लाख बराबर गरी कुल लागत रु.३९ लाख ७ हजारको लागतमा २२१ मीटरको उँचाइमा सौर्य ऊर्जाबाट पानी तान्ने काम सम्पन्न भएको हो।

खानेपानी प्रणाली सम्पन्न भई संचालनमा आएपछि त्यसले गाउँको मुहार नै फेरिदिएको छ। अचम्मै भयो तल खोलाको पानी माथि टुप्पोमा फाल्यो। पत्याउँदैनथे, विश्वास गर्दैनथे, खोलाको पानी टुप्पोमा आउँछ भनेर, अहिले सबैजना दङ्ग छन्। महिला दिदीबहिनीले बिहानै



पहिले र अहिले ।





४ बजेदेखि पानीको लागि तँछाडमछाड गर्दै लाइन बस्नु परेको छैन । फोहोर पानीको कारणबाट चैतदेखि भदौसम्म आउँ, हैजा हुन्थ्यो, यो वर्ष देखिएको छैन शायद यही शुद्धपानीको कारणले गर्दा हुन सक्छ । स-साना नानीहरूले बिहानैदेखि पानीको गाग्रो समाउनुपर्नेमा आजभोलि किताब कलम समाएका छन् । छोरी बुहारीलाई पानीको लागि राति ४ बजे उठ्नु परेको छैन । पुरुष तथा महिलाहरूले बचेको समयलाई सदुपयोग गरी आयआर्जनको काममा लगाएका छन् । पानीकै कारण ननुहाउनेले पनि स्वास्थ्य र सरसफाइमा ध्यान दिन थालेका छन् । समग्रमा भन्नुपर्दा व्यक्तिगत, वातावरणीय र घरायसी सरसफाइले पूर्णरूपमा फड्को मारेको छ ।

यस किसिमको योजना हाम्रो लागि नौलो हो र रुकुम जिल्लामै पहिलो हो । यसको मर्मतसंभारका लागि हामीले शुरुदेखि नै प्रत्येक घरधुरीबाट रु.५० का दरले रकम जम्मा गरी कोष खडा गरेका छौं । एक जना मर्मतसंभार कार्यकर्ता चयन गरी निश्चित पारिश्रमिक दिएका छौं । उक्त मर्मतसंभार कार्यकर्तालाई क्षेत्रीय सेवा केन्द्र/ब्याक वार्ड एजुकेशन सोसाइटीले योजना रेखदेख तथा मर्मतसम्भारका लागि तालीम दिएको छ ।

जोगीनेटाको तर्फबाट वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम, क्षेत्रीय सेवा केन्द्र/ब्याक वार्ड एजुकेशन सोसाइटी, जिविस रुकुम, दहखोला गाविस, शान्ति मन्त्रालय, दुर्गम क्षेत्र विकास कोष सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

# आफ्नै पौरख

जेठो छोराको रूपमा जन्मँदा घरका सबै खुशी थिए। तर दैवको लीला ६ वर्षको उमेरमै सारा माया-ममता यस संसारबाट बिलाएर गयो। आमा बितेको केही समयपछि नै बाबुले कान्छी आमा भित्र्याए। समय बित्दै गयो म स्कूलमा राम्रो विद्यार्थीबाट खस्किँदै गएँ र अन्त्यमा टेष्टमा फेल भएँ। अनि १७ वर्षको उमेरमा विवाह बन्धनमा बाँधिन पुगें। विवाह भएको पाँच महिना पनि बित्न नपाउँदै कान्छी आमासँग बस्न असमर्थ भयौं र दुःखका दिन शुरू भए। २०५४ सालमा भारतमा गएर होटलका भाँडा माझ्ने काम गर्न थालें, करीब ७ महिनापछि केही बुद्धि पलायो र सोचें यस्तो दुःख इन्डियामा भन्दा आफ्नै नेपालमा गरे राम्रो। घर आएर दैनिक ज्यालादारीमा काठ उद्योगमा काम गरें। काठ उद्योगमा दैनिक ज्यालादारीको १० वर्षको अनुभव बटुलेपछि आफैं काठको काम संचालन गर्ने निर्णय गरें। आफूलाई चाहिने सकुर्लर मेशीन खरीद गरेर घरेलुको तीनमहिने तालीम पनि लिएँ। सोलाबाङ्गमा विद्युत् उत्पादन हुने बित्तिकै आफ्नै लगानीमा साढे ३ लाखमा फर्निचर उद्योग खोलें र दीपक फर्निचर भनेर दर्ता गरें। फर्निचर उद्योगलाई बजारको माग अनुसार संचालन गर्न कोशिश गर्दैछु।

यस दीपक फर्निचरमा ७ लाख बराबरको लगानीमध्ये १ लाख वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको र बाँकी ६ लाख स्वलगानी रहेको छ। म स्वयं, मेरो बुबा, सालो, साथीहरू गरी पाँच जनालाई दैनिक ज्यालादारीमा काम लगाउन पाउँदा अति नै खुशी लागेको छ। ठूला काठ चिरानदेखि सानातिना सम्पूर्ण सामग्री उत्पादन तथा सेवाको लागि दैनिक ८ घण्टा संचालन भइरहेको छ। हाल मेरो फर्निचरबाट रु.१ लाखदेखि डेढ लाखसम्मको मासिक कारोबार हुन्छ भने रु.२० हजारदेखि ३० हजारसम्म नाफा हुने गरेको छ। यही आम्दानीबाट पाँच जना बालबच्चालाई शिक्षादीक्षाको व्यवस्था मिलाइराखेको छु। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ब्याक वार्ड एजुकेशन सोसाइटी र साँख खोला लघु जलविद्युत्ले मेरो व्यवसायलाई सहयोग गरेकोमा विशेष धन्यवाद दिन चाहन्छु। ■



सोलाबाङ्गमा विद्युत् उत्पादन हुने बित्तिकै आफ्नै साढे ३ लाख रूपैयाँको लगानीमा फर्निचर उद्योग खोलें ।



# स्वावलम्बी हात



बिहानको आठ बज्दा नबज्दै हतारहतार झोलामा चुलो बनाउने सामग्री तयार गर्दै "म गाउँतिर लागें चुलो बनाउन, तिमीहरू आफैं खाना बनाएर खाएर स्कूल जाऊ, तपाईं पनि भैंसीलाई घाँस हाल्नु, अनि दिउँसो चराउन पनि लिएर जानुहोला" भन्दै श्रीमान् र छोरीहरूलाई अह्राउँछिन्। अनि आफू भने झोला बोकेर गाउँतिर लाग्छिन्।

लक्ष्मीनियाँ-७ बस्ने मसोदी र सीता महतोकी छोरी इनर देवीको दिनचर्या यस्तै छ। २०२८ साल असोज १५ गते जन्मेकी इनर देवी पारिवारिक स्थिति कमजोर भएको र



मधेशी समुदायमा छोरीले पढेर केही हुँदैन भन्ने मान्यताले गर्दा पढ्न नपाएको बताउँछिन्। घरको काम, खेती र गाईभैंसी चराउँदै बाल्यकाल बितेको सम्झिन्छिन्। छोरीको जात माइती घरमा धेरै बस्नुहुँदैन भन्ने मान्यताले गर्दा २०४० सालमा बेलगाछीका भरतलाल सिंहसँग वैवाहिक सम्बन्धमा बाँधिएकी थिइन्। श्रीमान्, पाँच छोरी र एक छोरा गरी ८ जनाको परिवार उनले श्रीमान्सँगै खेतीकिसानी गरेर धान्दै आएकी छिन्। तर मध्यमवर्गको परिवार भएकोले खेतीले मात्र घर धान्न गाह्रो भएको छ उनलाई। खेतीसँगै टेन्टका सामान घरमा राखेर गाउँघरमा कार्यक्रम हुँदा भाडामा पठाएर त्यसबाट पनि केही आयआर्जन हुने बताउँछिन्। व्यवहार चलाउन हम्मेहम्मे पर्छ, केही सीप सिकेर काम गर्न पाए हुन्थ्यो, उनी भविष्य नियाल्छिन्।

यस्तैमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत जैविक ऊर्जा सहयोग कार्यक्रमको सहयोगमा क्षेत्रीय सेवा केन्द्र (नविकरणीय ऊर्जा खानेपानी तथा सरसफाइ प्रवर्द्धन केन्द्र) चन्दनिगाहपुर, रौतहटद्वारा ६ जिल्ला बारा, पर्सा, रौतहट, सिन्धुली, सर्लाही र महोत्तरीका सबै गाविसमा सुधाएिको चुलो कार्यक्रम लागू भएको थाहा पाएर गाविसस्तरीय अभिमुखीकरण कार्यशाला तथा कार्य समिति गठन कार्यक्रममा सहभागी भइन्। उनको जागरुकता र समितिको व्यक्तिको पहलमा उनी लगायत दुई जना अरुलाई पनि छनौट गरी तालीम दिइयो।

तालीमपछि उनले सीपलाई व्यावसायिक रूपमा लैजाने निर्णय गरिन् र हाल उनी गाउँघरमा सुधारिएको चुलो प्रबर्द्धकको रूपमा काम गर्दै आएकी छिन्। भन्छिन्, "तालीम लिएर सीप सिक्ने मौका पाउनुको साथै समुदायको सेवासँगै जीविकोपार्जनमा पनि टेवा पुगेको छ।" परिश्रम नै धन हो र यसले नै मानिसलाई स्वाबलम्वी बनाउँछ भन्ने विश्वासका साथ चुलो बनाउने पेशालाई अहिले मुख्य पेशाको रूपमा अँगालेकी छिन्।

इनरदेवीले बेलगाछी गाविसमा हालसम्म २०० भन्दा बढी चुलो जडान गरिसकेकी छिन्। चुलो बनाएबापत आफूले १०० देखि २०० रुपैयाँसम्म ज्याला लिने गरेको र यसबाट मासिक लगभग २५ देखि ३० हजारभन्दा बढी कमाइरहेकी छिन्। आम्दानीबाट घर व्यवहारको खर्च गर्ने र एकमुष्ट रकम आएमा केही व्यवसाय गर्ने सोच बनाएकी छिन्। माटोको काम भए पनि आफूले गर्वका साथ यो काम अँगालेको बताउँछिन्। उनी भन्छिन्, "पढेकी छैन तर पनि सुधारिएको चुलो बनाएर पढेको व्यक्तिभन्दा बढी पैसा कमाएकी छु। म एकदमै खुशी छु र मेरो काम मलाई प्यारो लाग्छ।" यसरी इनरदेवी महतोको मिहिनेतले गाउँ समाजमा पनि परिवर्तन हुँदै गएको छ। सबै जना आफ्नो स्वास्थ्यप्रति सचेत हुँदै गइरहेकोले सुधारिएको चुलोको माग बढ्दै गइरहेको समेत उनी बताउँछिन्।

यसरी इनरदेवीले सुधारिएको चुलो बनाउने मात्र होइन यसले पुऱ्याउने फाइदा र परम्परागत चुलोबाट हुने बेफाइदाहरूको समेत फरक देखाएर समुदायमा असल काम गरिरहेकी छिन्। साथै समाजसेवासँगै आयआर्जन पनि राम्रो भएकोले उनी पुलकित छिन्। ■

# बनखुको वरदान: गाउँमै उद्योग



काभ्रेपलाञ्चोकको डाँडापारिका बनखु र घर्तिछाप जिल्लाकै अति दुर्गम र विकट गाविसको रूपमा चिनिन्छन्। जिल्ला सदरमुकामबाट दुई दिनको हिंडाइपछि यी स्थानमा पुगिन्छ। स्थानीय समुदायको मिहिनेत र कडा परिश्रमले २०६५ सालमा बनखु खोला लघु जलविद्युत् आयोजना सम्पन्न भयो। उक्त आयोजनाबाट बनखु र घर्तिछापका गरी ५११ घरधुरी लघु जलविद्यत्बाट लाभान्वित भइरहेका छन्। ५० किलोवाट क्षमताको आयोजनाबाट उत्पादित विद्युत् अहिले मुश्किलले ३० किलोवाट मात्रै खपतमा रहेको बताउँछन् आयोजनाका व्यवस्थापक पदमबहादुर कुँवर। क्षमता अनुसार आयोजना २४ सै घण्टा संचालन गर्न सकेमा त्यसले राम्रै आम्दानी प्राप्त गर्ने कुरा सबैलाई थाहा छ। यसो गर्दा आयोजना समेत मुनाफामा चल्ने र नमूना आयोजना बनाउन सकिने कुरामा बेलाबेलामा छलफल समेत गर्ने गर्छन् उपभोक्ता समितिका सदस्यहरू। कसरी गर्ने भन्ने

विषयमा उनीहरूलाई ज्ञानै थिएन। तर अहिले गाउँमा रौनक छ। गाउँ घुम्दै जाँदा यसो छेउ कुनातिर हेर्दै गर्दा कतै मिल घुमेका त कतै कुखुराका चल्ला च्याँ-च्याँ गरेको सुन्न पाइन्छ। पहिलेको तुलनामा अलि बढी नै मिहिनेती बन्न लागेका हुन् कि भन्ने भान पो हुन थालेको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तीकरण केन्द्र (रिमरेक), धुलिखेलको सहकार्यमा उत्पादनमूलक ऊर्जा प्रयोग इकाईको स्थापनापश्चात् भने बनखु खोला लघु जलविद्युत् आयोजनाले पनि काँचुली फेर्न थालेको छ। दिउँसोको समयमा उद्योग धन्दा नै केही नभई लगभग बन्द हुने बनखु खोला लघु जलविद्युत् आयोजना अहिले विभिन्न उद्योगको स्थापनाले दैनिक २२ घण्टासम्म चल्न थालेको छ। फलत: यस क्षेत्रका विपन्न वर्गहरू समेत लाभान्वित भई आयआर्जन क्रियाकलाप संचालन गरी आर्थिक अवस्थामा सुधार आएको छ।

गाउँमा कफी प्रशोधन केन्द्र, दूध संकलन केन्द्र, ग्रील उद्योग, मोबाइल सेन्टर, सिलाई-कटाई, कुटानी-पिसानी र कम्प्युटर इन्स्टिच्युट गरी १७ वटा उद्योग स्थापना भई संचालनमा





रहेका छन्। गाउँमै कफी प्रशोधन केन्द्रको स्थापनाले किसानद्वारा बिरुवा थप गरी क्षेत्रफल बढाएका छन्। राम्रो स्याहार तथा सम्भार गर्नाले कफी उत्पादनमा वृद्धि भई राम्रो आम्दानी हुन थालेको छ। १७ वटा उद्योगको स्थापनाले खेर गइरहेको लघु जलविद्युत् आयोजनामा पनि राम्रो आम्दानी हुन थालेको छ। पहिलाको तुलनामा मासिक विद्युत् महसुल दुईगुणासम्म बढी संकलन हुन थालेको छ। थप महसुलले आयोजनाको दिगो व्यवस्थापनमा सहज भएको छ। थप एक आयोजना अपरेटरले काम पाउनुका साथै ३२ जना व्यवसायीले गाउँमै रोजगारी पाएका छन्। त्यसैगरी ३० घरका विपन्न परिवारले कुखुरापालन, आरन सुधार, सिंचाइ, टेलरिङ्ग, डोको मान्द्रो बुन्ने लगायतका आयआर्जन क्रियाकलाप संचालन गरी आफ्नो जीवनस्तरमा सुधार ल्याएका छन्। गाउँमै उद्योग व्यवसायको स्थापनाले उपभोक्ताहरूलाई सेवा सुविधा लिनको लागि अन्यत्र जानु नपर्ने भएकोले समयको समेत बचत भएको छ। ■

# आँट र साहसले बनायो व्यवसायी

नागदह पार्वतीखोला लघु जलविद्युत् परियोजनाकी उपभोक्ता नीलकुमारी राना आजकल निकै खुशी देखिन्छिन्। उमेरले ३३ वर्ष टेकेकी उनी बुढाखानी चारकिल्ला काभ्रेमा बस्छिन्। सामान्य आर्थिक अवस्था भएको घरमा जन्मिएकी उनको खेतीपातीको उत्पादनले वर्षमा ६ महिनासम्म खान पनि धौ-धौ पर्दथ्यो। परिवारले अर्को ६ महिनासम्म अर्काको ज्याला मजदूरी गरी गुजारा गर्नुपर्दथ्यो। एक वर्ष अगाडि मात्र नागदह पार्वती खोला लघु जलविद्युत् स्थानीय आर्थिक विकास समितिले विपन्न वर्गहरूलाई आयआर्जन क्रियाकलाप संचालनको लागि गरीब परिवारको छनौट प्रक्रिया शुरू गऱ्यो। त्यस प्रक्रियामा समितिले नीलकुमारी रानाको नाम सिफारिश गरिदियो र उनी छनौटमा परिन्। मानिस बस्न समेत धौ-धौ पर्ने आफ्नै सानो घरमा थोरै कुखुरा पालेर आयआर्जन क्रियाकलाप गर्ने सोच बनाएर अगाडि बढेकी रानालाई रिमरेकले व्यवसायमा सहजीकरणसहित आयआर्जनको योजना तयार गरिदियो। २३ हजार ५०० रुपैयाँ लगानी लाग्ने योजना तयार भएकोमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट रु.१० हजार अनुदान प्राप्त गरिन्। बाँकी रकम व्यवस्थापन गर्नका लागि उनले गाउँका धेरै जनासँग हारगुहार गर्नुपऱ्यो। लामो दिनको मिहिनेतपश्चात् उनले कुखुरापालनको लागि रु.१३ हजार ५०० व्यवस्था गरिन्। स्थानीय आर्थिक विकास समितिको सल्लाह बमोजिम उनले निकै टाढाबाट २५ वटा कुखुराका चल्ला खरीद गरी गाउँमा पुऱ्याइन्। गाउँ पुऱ्याउन उनलाई त्यति सजिलो भने पक्कै थिएन। चल्ला हुर्काउन फेरि उनलाई कम्ती चुनौती थिएन। आफ्नो घरको नियमित काम सकेर कुखुराको स्याहारसुसारमा समय दिन शुरु गरिन्। कुखुरापालनको एक चरण पार गर्दा रु.४२ हजार २०० आम्दानी गरी खूद नाफा रु.१० हजार ४०० भएको दिन उनी निकै खुशी भएको बताउँछिन्। कुखुरापालनबाट राम्रो आम्दानी पाएपछि उनले कमाएको नाफाबाट थप ५० हजार लगानी गरी १०० वटा कुखुराका चल्ला पाल्न शुरु गरी हाल ६० वटा कुखुरा बिक्रीबाट रु.५५ हजार आम्दानी गरेको र अझै ४० वटा कुखुरा बिक्री गर्न बाँकी रहेको बताउँछिन् नीलकुमारी राना।

अहिले नीलकुमारीलाई घर खर्च, बच्चाको पढाइ खर्च जुटाउनको लागि अरूको खेतबारीमा ज्याला मजदूरी गर्न खासै जानुपर्दैन। अर्काकोमा ज्याला मजदूरी गर्न जाने समय आफूले गरिरहेको कुखुरापालन क्रियाकलापमा लगाउन थालेकी छन्। उनी अब यो कुखुरापालनलाई



आँट, साहस तथा मिहिनेत भयो भने कसैले नगरेका काम पनि सजिलै गरेर आफूलाई नमूनाको रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने उदाहरण हुन्, नीलकुमारी राना ।



व्यवसायको रूपमा नै दर्ता गरी संचालन गर्ने र भविष्यमा आफ्नो सबै जसो कार्य वा मिहिनेतलाई यस्तै व्यवसायमा लगाउने सोचमा रहेकी छिन् । आजकल गाउँमा उनको निकै गुनगान शुरू हुन थालेको छ । कर्मठ महिलाहरूको कुरा गर्दा उनको नाम पहिले आउने गरेको छ । आँट, साहस तथा मिहिनेत भयो भने कसैले नगरेका काम पनि सजिलै गरेर आफूलाई नमूनाको रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने उदाहरण हुन्, नीलकुमारी । ■

# चुलोले चिनायो थारू होम स्टे गाउँ

सुदूरपशिचमको कैलाली जिल्ला अन्तर्गतको उर्मा गाविस-८ भादामा थारू होम स्टे गाउँ छ। जुन कैलाली जिल्लाको एक मात्र पहिलो थारू होम स्टे गाउँ हो। यस गाउँलाई पर्यटकीय क्षेत्रको रूपमा लिन सकिन्छ। यहाँ आन्तरिक र बाह्य पर्यटकहरूको घुइँचो लाग्छ। यस गाउँमा हाल जम्मा १९ वटा होम स्टे घरहरू व्यवस्थापन गरिएको छ। यहाँ बसोबास गर्ने चौधरीहरूले पर्यटकहरूलाई थारू जातिको संस्कृति झल्काउने गीत र नृत्यले मनोरन्जन गराउँछन्। यहाँका थारू समुदायहरूको आम्दानीको स्रोत भनेको नै पर्यटन र कृषि पेशा रहेको छ।

यस गाउँलाई होम स्टे बनाउनका लागि मुख्य भूमिका खेल्ने र हाल त्यसका अध्यक्ष समेत रहनुभएका लक्ष्मीनारायण र उनकी श्रीमती क्रिमदेवी चौधरी यस गाउँका रैथाने हुन्। उनीहरूको परिवारमा २० जना सदस्य छन् जसमध्ये १४ जना महिला र ६ जना पुरुष रहेका छन्। उनीहरूको आम्दानीको स्रोत भनेको पर्यटन र खेतीपाती हो। पहिले त्यहाँका समुदाय परम्परागत चुलो प्रयोग गर्दथे, जसले गर्दा समय पनि धेरै लाग्ने, धेरै पर्यटकहरू आएको बेला खाना पकाउन समस्या थियो। जब त्यस समुदायले संस्थागत सुधारिएको चुलोको फाइदाका बारेमा थाहा पाए, उनीहरूले एकमुखे संस्थागत सुधारिएको चुलोको माग गरी १९ घरधुरी मध्ये १८ घरधुरीले स्वलगानीमा संस्थागत सुधारिएको चुलो जडान गरे। एक घरधुरीले चुलो बनाएबापत ५०० ज्याला तिरे र २०७१ फागुन ९ गतेका दिन स्थानीय विकास अधिकारीको प्रमुख आतिथ्यमा उक्त थारू होम स्टे गाउँलाई संस्थागत सुधारिएको चुलो क्षेत्र घोषणा गरे। विकासको यस्तो नमूना देखेर जिविस प्रभावित भई आगामी आर्थिक वर्षका लागि सुधारिएको चुलोका लागि बजेट विनियोजन समेत भएको छ। यसै उदाहरणलाई दृष्टिगत गरी अहिले सम्पूर्ण गाविसभर सुधारिएको चुलो बनाउने अभियान चलेको छ।

गाउँमा संस्थागत सुधारिएको चुलो निर्माणले गर्दा धुवाँ बाहिर जाने भयो जसले गर्दा भान्साको सरसफाई, रोग नियन्त्रण र वन जंगलको विनाशमा केही हदसम्म कमी आउनुका साथै संस्थागत सुधारिएको चुलोले थारू होम स्टेलाई नमूना गाउँको रूपमा परिचित गरायो।




सुधारिएको चुलोले थारू होम स्टेलाई नमूना गाउँको रूपमा परिचित गरायो ।




परम्परागत मूल्य र मान्यतालाई चुनौती दिँदै समाज परिवर्तनले नै विकासको लक्ष्यतिर अग्रसर हुन सकिन्छ भन्ने धारणालाई अघि बढाउँदै ग्रामीण भेगका समुदाय पनि आधुनिक प्रविधिको प्रयोग गरी सामाजिक क्रियाकलापमा सक्रिय रूपमा अग्रसर हुन सक्छन् भन्ने सन्देश त्यस थारू होम स्टे गाउँका चौधरी जातिले दिएका छन् । ■

# लोक्ताले ल्याएको खुशी



पूर्णबहादुर गुरुङ्गले २०६० सालमा कास्की, घान्द्रुक-३, विकासे डाँडामा अन्नपूर्ण लोक्ता तथा हस्तकला उद्योग स्थापना गरे । शुरूका दुई वर्ष यो उद्योगले सीमित स्थानीय स्रोत परिचालनबाट सानो अनुपातमा लोक्ता कागज उत्पादन गऱ्यो । यसैबीच एकातिर देशमा विद्यमान राजनीतिक द्वन्द्वको अवस्था र अर्कोतिर अन्नपूर्ण संरक्षित क्षेत्र परियोजना (एक्याप) ले लोक्ता संकलनमा लगाएको रोकका कारण उद्योग बन्द गर्नुपर्ने अवस्था सृजना भयो । उद्यमी पूर्णबहादुर गुरुङ्ग पनि पोखरा पलायन भएर वैकल्पिक व्यवसाय गर्ने सोच बनाउँदै थिए । यसैबीच क्षेत्रीय सेवा केन्द्र र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत ऊर्जाको परिप्रयोग कम्पोनेन्टले घान्द्रुकमा लोक्ता तथा हस्तकला उद्योगको लागि आवश्यक पर्ने लोक्ता संकलनको व्यावसायिक सम्भावना, यस उद्योगले सृजना गर्ने रोजगारी र उत्पादन गरेका वस्तुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार आदिका बारेमा विस्तृत विश्लेषण र अभिमुखीकरण कार्यक्रम संचालन गऱ्यो । एक्यापसँग समन्वय गरी वार्षिक ६० हजार के.जी.सम्म लोक्ता संकलन गर्न एक्यापले स्वीकृति प्रदान गऱ्यो । जुन निर्णयले पूर्णबहादुर गुरुङ्गमा आशाका किरण देखापऱ्यो । जुन व्यवसायले पहिले आफ्नो सम्पूर्ण आय गुमाएका थिए, त्यही व्यवसाय पुन: संचालन गरी आयआर्जन गर्ने संकल्प गरे । शुरुशुरुमा त उनलाई लोक्ता संकलन गर्ने मान्छे पाउन नै गाह्रो भयो तर दुई/तीन महिनापछि धादिङबाट आएका लोक्ता संकलनकर्ताका कारण गुरुङ्गलाई व्यवसाय संचालनमा सहयोग पुग्न थाल्यो । हाल पूर्ण गुरुङ्गले आफ्नो उद्योगमा ६ जनालाई पूर्णकालीन र पाँच जनालाई आंशिक रूपमा रोजगारी प्रदान गर्दै आइरहेका छन् । उनको सो लोक्ता तथा हस्तकला उद्योगले एकातिर स्थानीय स्तरमा रोजगारी प्रदान गरिरहेको छ भने अर्कोतिर मासिक रु.६२ हजार भन्दा बढी उद्योग संचालन खर्च कटाई मासिक रु.५८ हजार नाफा कमाइ गरिरहेका छन् । ■



पूर्ण गुरूङ्को लोक्ता तथा हस्तकला उद्योगले स्थानीय स्तरमा ६ जनालाई पूर्णकालीन र पाँच जनालाई आंशिक रूपमा रोजगारी प्रदान गर्दै आइरहेको छ ।

# जिल्लाकै नमूना लघु जलविद्युत् आयोजना



वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदान, क्षेत्रीय सेवा केन्द्र/स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तीकरण केन्द्र (रिमरेक) को सहजीकरण र प्राविधिक सहयोगमा ओखलढुंगा जिल्लाको बरुणेश्वर गाविसमा सञ्चालन भएको मोलुङ्ग खोला, कात्तिकेस्थित १०० कि.वा. लघु जलविद्युत् आयोजना जिल्लाकै ठूलो र नमूना आयोजना बनेको छ। यस आयोजनाबाट गाविसका नौ वटै वडाका १ हजार १० घरधुरी लाभान्वित भएका छन्। जिल्लामा २० वटा लघु जलविद्युत् आयोजना सम्पन्न भई गाउँका बस्तीहरू झिलीमिली भए तापनि यति ठूलो र नमूना आयोजना बन्न सकेको थिएन। उक्त लघु जलविद्युत् आयोजनामा नेपालमै दोस्रो फ्रान्सिस् टर्वाइन जडान गरी विद्युत् उत्पादन भएको हो। जुन टर्वाइन अरू आयोजनाहरूमा जडान गरेभन्दा फरक किसिमको छ। उक्त टर्वाइनको प्रयोगले नै १०० कि.वा. विद्युत् उत्पादन हुनेमा परीक्षण गर्दा नै १३० कि.वा. उत्पादन भएको छ। फ्रान्सिस् टर्वाइन जडान भई निर्माण सम्पन्न भएको त्यस आयोजनाले पूरै गाविस उज्यालो पारी लोडसेडिङ मुक्त बनाएको र नयाँ प्रविधिको टर्वाइन र जेनेरेटरबाट गाउँमा बिजुली बलेको कारणले गर्दा नै यो आयोजना जिल्लामा नमूनाको रूपमा चिनिन पुगेको हो।

उक्त आयोजनाको लागत प्रति किलोवाट रु.३ लाख र अनुदान भने प्रति कि.वा. एक लाख पच्चीस हजार प्राप्त भएको छ। नपुग रकम स्थानीय जनसमुदायबाट आर्थिक, जनश्रमदान र गाविस/जिविसबाट जुटाई आयोजना सम्पन्न भएको हो।



आयोजनाको पावर हाउसमा जडान भएको फ्रान्सिस् टर्वाइन ।

आयोजनाबाट बरुणेश्वर गाविसमा बिजुली बलेपछि विद्युत्‌बाट सञ्चालन हुने सम्पूर्ण प्रविधिहरू आफ्नै घरछिमेकमा हेर्न र प्रयोग गर्न पाएका छन्। घरमा बत्ती बाल्ने उद्देश्य मात्र नभई पिसानी-कुटानी मील, फोटो स्टुडियो जस्ता घरेलु उद्योगहरू सञ्चालन हुन थालेका छन्। त्यस्तै विद्युत्‌बाट सञ्चालन हुने आयआर्जनका क्रियाकलाप जस्तै कुखुरापालन, सिलाई-कटाई, आरन सुधार जस्ता उपलब्धिमूलक कार्यक्रमको संचालन भई ग्रामीण भेगका जनताको जीवनस्तरमा पनि परिवर्तन आएको छ। ■

# 'चुलो दिदी' अर्थात्
# मखमली तामाङ

दोलखाको मिर्गे-१ माझगाउँ निवासी बुबा सनमान र आमा हीरामाया तामाङलाई पहिलो सन्तानको रूपमा २०३० साल २७ पुसमा मलमली तामाङको जन्म भएपछि 'घरमा लक्ष्मीको बास भयो' भनेर धेरै खुशी लागेको थियो रे ! मखमलीलाई पनि एक भाइ र तीन बहिनीसँग हाँसखेल गर्दै खुशीसाथ बालापन बितेको पत्तो नै भएन ।

२०५० सालमा २० वर्षको उमेरमै मखमलीको विवाह भयो। वैवाहिक जीवनमा बाँधिएको तीन वर्षपछि मखमलीको पहिलो सन्तानको रूपमा पनि छोरीकै आगमन भयो । छोरीको मायामोहसँगै दिनहरू बित्दै थिए, घरपरिवार पनि खुशी नै थियो ।

अचानक मखमलीको जीवनमा कालोबादल छायो। श्रीमान्ले कान्छी श्रीमती भित्र्याए। श्रीमान्ले अर्की श्रीमती ल्याउँदाको पीडा र अचानक घरपरिवारले हेलाँहोचो गर्ने व्यवहारका कारण उनलाई बाँच्ने रहर नै मरिसकेको थियो । दिनदिनको झगडाले गर्दा मखमली घरपरिवार त्यागेर छोरीलाई लिएर माइत लागिन् । "सोचेको जति सजिलो नहुने रहेछ जीवन । माइती पनि विवाहपश्चात् पराइ जस्तै हुँदोरहेछ । दाजुभाउजू मेरा कारणले गर्दा बाबुआमासँग छुट्टिएर बस्न थाले। मेरो काँधमा छोरीको मात्र नभएर अब बा-आमाको पनि जिम्मेवारी थपियो। बा-आमा, म र छोरी भाइसँग छुट्टिएर बस्न थाल्यौं। मेलापात, ज्याला मजदूरी गरेर नै दिनहरू बित्दै गए", मखमली गुनासो गर्छिन् ।

अचानक मखमलीको जीवनले मोडिने अवसर पायो । गाविस मार्फत २०६६ सालमा जैविक ऊर्जा कार्यक्रम अन्तर्गत सुधारिएको चुलो सम्बन्धी तालीम लिने अवसर पाइन्। त्यो नै उनको जीवनको सबैभन्दा ठूलो सफलता हुनगयो । तालीमपश्चात् गाविसमा सुधारिएको चुलो निर्माण गर्ने क्रममा सुरुआतमा धेरै चुनौती बेहोर्नुपर्‍यो । सुधारिएको चुलो सम्बन्धी ज्ञानको कमिले होला, गाउँमा चुलो बनाउन कसैले मानेनन् । विस्तारै विस्तारै गाउँलेलाई यसको फाइदा र आवश्यकताबारे बुझाउन सफल भइन् । अहिलेसम्म मिर्गे, कात्रे, गैरीमुदी र च्यामा गाविस गरी ११ सयभन्दा बढी सुधारिएको चुलो निर्माण गरिसकेकी छु। २०७१ साल मंसीरसम्ममा मिर्गे गाविसलाई धुवाँ मुक्त क्षेत्र घोषणा गर्न सफल हुँदा मखमली एकदम खुशी छिन् । त्यसैको सफलताले आज उनी गाउँमा 'सुधारिएको चुलो दिदी' को नामले परिचित छिन् ।





मखमलीको जीवनमा सुधारिएको चुलो जीवनयापन गर्ने एक माध्यम बनेको छ। चुलो निर्माण गरेबापत पाएको पारिश्रमिकले घरपरिवार र छोरीको पढाइको लागि खर्चको जोहो भएको छ। फलत: छोरी प्रवेशिका परीक्षा उत्तीर्ण गरी हाल उच्च शिक्षा अध्ययन गर्दैछिन्। त्यतिमात्र नभई बाबुआमाको रेखदेख र औषधि उपचारको सम्पूर्ण खर्च छोरासरह स्वयम्ले नै बेहोर्दै आएकी छिन्।

“वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत सुधारिएको चुलो कार्यक्रमले गर्दा मैले आर्थिक अवस्था मात्र नभई सामाजिक स्थान पनि बनाउन सफल भएकी छु। म सुधारिएको चुलो निर्माण गर्न धेरै ठाउँमा पुग्ने गर्छु र सबैको विशेष गरी महिला दिदीबहिनीको सुख, दु:ख बुझ्ने, सुन्ने र सुनाउने गर्छु, आफ्नो श्रीमान्ले दिएको दु:ख र आइपरेका समस्यालाई भुल्ने गर्छु” उनी गर्वसाथ भन्छिन्।

अन्त्यमा मखमली भन्छिन्, “सीप लिने र दिने काम सबैलाई आवश्यक पर्दछ। ‘सीप सिकाऊँ र सिकौं, जीवन अगाडि बढाऔं’ यो नै मेरो जीवनको भोगाइ हो।” ■

# खानेपानीले ल्याएको परिवर्तन

ओखलढुंगा जिल्लाको ठूलाछाप-१ डाँडागाउँका स्थानीय समुदायको सक्रियतामा लुकुवा ढुंगा ग्रामीण सौर्य विद्युत् खानेपानी आयोजना सम्पन्न भएको छ। क्षेत्रीय सेवा केन्द्र/स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तीकरण केन्द्र (रिमरेक) को सहजीकरण र प्राविधिक सहयोगमा सम्पन्न उक्त आयोजना वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदानमा सञ्चालन भएको हो। यो प्रविधि जिल्लामै नमूना र प्रभावकारी बनेको छ। समुदायबाट रु.१ लाख ८५ हजार, निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट रु.२ लाख, गाविसबाट रु.८० हजार, जिविसबाट रु.१ लाख ५० हजार र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदान रु.१५ लाख ७० हजार गरी जम्मा रु.२१ लाख ८५ हजार र बाँकी जनसमुदायको श्रम गरी कुल रु.२७ लाख लागतमा उक्त आयोजना सम्पन्न भएको हो।

त्यस गाउँका बासिन्दा बस्तीभन्दा धेरै तलबाट एक घन्टा उकालो बाटो खानेपानी बोकेर वर्षौंदेखि कष्टकर जीवन निर्वाह गर्दै आएका थिए। खानेपानीको अभावले तड्पिएका डाँडागाउँका ६२ घरधुरीमा सोलार तथा सौर्य विद्युत्बाट खानेपानी गाउँमै पुगेपछि सबै गाउँले खुशी भएका छन्। सोलारको माध्यमबाट १८३ मीटर तल रहेको पानीको स्रोतलाई तानी बस्ती भन्दा माथि पुऱ्याई गाउँका सबै घरधुरीमा खानेपानी वितरण भएपछि अहिले पानी बोकेर खानुपर्ने समस्या नरहँदा ठूलाछाप डाँडागाउँका बासिन्दा हर्षित छन्। गाउँले दाजुभाइ, दिदीबहिनीको सक्रिय सहभगितामा सम्पन्न भएको यस आयोजनाबाट गाउँमा अहिले पानी पिउन, नुहाउन, लुगा धुन, गाई-भैंसीलाई खुवाउन, करेसाबारीमा तरकारी खेती समेत गर्न डाँडागाउँका बासिन्दालाई ठूलो सहयोग पुगेको कुरा आयोजनाका अध्यक्ष सुवास कट्वाल बताउँछन्। ■



खानेपानीको अभावले तड्पिएका डाँडागाउँका ६२ घरधुरीमा सोलार तथा सौर्य विद्युत्बाट खानेपानी पुगेपछि सबै गाउँले खुशी भएका छन् ।



# घाँसले बदल्यो जीवनको आस



अचेल गाईलाई आफ्नो सन्तानभन्दा पनि बढी माया गर्न थालेकी हर्कमाया राईको जीवन गाई र गोठकै वरिपरि बितिरहेको छ। चार जना छोराछोरीकी धनी हर्कमायालाई आफ्ना श्रीमान्सँगै धनकुटाको मारेक कटहरे-४, खाप्राङ्को बसाइले ५१ औं वसन्त पार गरिसकेको पत्तै छैन। दुई वर्ष अगाडिसम्म कहिले छाडेर हिंडौं जस्तो ठाउँ आज स्वर्ग जस्तो लाग्न थालेको छ। बिहानको नित्य कर्म, उनको बसाइउठाइ गोठ-खलामै बित्थ्यो। खेत र पाखाका डल्ला फुटाएको पसिनाको कमाइले मुश्किलले धानेको ६ जनाको परिवारलाई अहिले भने जस्तो लाउन-खान पुगेको छ। भगवान दाहिने भएका हुन् वा कर्मको खेल ? जालपा सहकारी संस्थाले दिएको ऋणले एउटा माउ गाई किनेपछि झन् उनलाई कामको सास्ती थियो। गाईलाई घाँस पुऱ्याउनै नसकिने। दुई भारी घाँस त कता जान्थ्यो कता ! दैनिक दुई भारी घाँस पाउन पनि मुश्किल भएपछि सधैं नै उनी घाँसकै पीरमा डुब्थिन्। जसोतसो दैनिक ८ लीटरमध्ये ५ लीटर दूध डेरी उद्योगमा पुऱ्याई सहकारीको ऋण धान्न सहयोग पुगेको थियो।

उत्पादनशील क्षेत्रमा ऊर्जाको अधिकतम प्रयोगमा सहयोग पुऱ्याउन नेपाल सरकार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत स्थापित लघु जलविद्युत्को ऊर्जा प्रयोग गर्दै ग्रामीण भेगका जनतामा उद्योग व्यवसाय सिर्जना गरी आयआर्जनका क्रियाकलापबाट स्थानीय समुदायको जीवनस्तर उकास्ने नीति अनुसार लक्ष्मीखोला लघु जलविद्युत् आयोजनाका उपभोक्ताको विभिन्न आयआर्जन समूह गठन भयो। तीमध्ये कालिका आयआर्जन समूहमा आबद्ध भएपछि हर्कमायाको जीवनलाई सहज बनाइदिएको छ। हिजो दुई भारी घाँसले हम्मेहम्मे भएको आज त्यही घाँस मनग्ये भएको छ। एक दिन संकलन गरेको घाँसले दुई दिन पुग्न थालेपछि उनले अर्को एक माउ गाई थपिन्। यी सबै त्यतिखेर सम्भव भयो जब नासाविके, इलाम अन्तर्गत ऊर्जाको उत्पादनमूलक प्रयोग इकाइ मार्फत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले उपलब्ध गराएको आयआर्जन क्रियाकलाप अनुदान सहयोगबाट विद्युतीय घाँस काट्ने मेशीन राख्न पुगिन्। नगद रु.२५ हजार लागत लागेको उक्त मेशीन खरीदमा नासाविके मार्फत रु.१० हजार नगद अनुदान सहयोग उपलब्ध भएको थियो। घाँसको अधिकतम भाग घसेटाको रूपमा खेर जाँदोरहेछ। खासगरी गाईवस्तु घाँसको पात मात्रै खाने र अरू भाग डाँठ (घसेटा) खेर जाने हुन्थ्यो। यसले



गर्दा घाँसको परिमाण बढी चाहिन्थ्यो तर मेशीनले घाँसको पात र डाँठलाई काटेर मसिनो बनाई खुवाउँदा डाँठ पनि खेर नजाने हुँदा घाँसको पर्याप्तता बढी भयो। जुन हर्कमायालाई पत्तै थिएन। "अझ विभिन्न घाँसलाई मिसाएर खुवाएपछि गाईको दूध पनि बढ्दो रहेछ। घाँसको पर्याप्तता भएपछि समयको बचत भयो नै। घरमा खानबाहेक दैनिक १३ लीटर दूध विराटनगर दुग्ध विकास संस्थानका स्थानीय संकलन केन्द्रमा प्रति लीटर रु.३० का दरले बेच्न सम्भव भएपछि अहिले धेरै हल्का महसूस भएको छ" गर्विलो भावमा उनी थप्छिन्, "अहिले त किस्ता तिरिकन आफू समेत सदस्य रहेको स्थानीय जालपा सहकारीमा अलिकति पैसा जम्मा पनि गर्न भ्याएकी छु।" गाईगोठकै संसारमा रमाउने बानी पऱ्यो अब त, गाई थपेर व्यावसायिक रूपमा पालन गर्ने सोच बनाएकी छु, भविष्यका योजना सविस्तार सुनाउँछिन्। गाईगोठको संसारबाट अहिले केही फुर्सदिलो भएकोले बचेको समय गाउँघरमा समूहको सामाजिक कार्यक्रममा भाग लिन सकेकी छु। करेसाबारीलाई समय दिएकी छु। बालबच्चा पढाउने र घरखर्च आफैं धान्न सकेकी छु। घरमा आम्दानीको स्रोत बढेपछि श्रीमान् पनि तनावमुक्त छन्। घरी-घरी विदेश जाने मन बद्लिएको छ। मनग्ये आम्दानी नभए पनि म खुशी छु। अरू के चाहियो र? ■

# तरकारी खेतीले बढाएको आत्मविश्वास

धादिङ, महादेवस्थान-५ निवासी हरिमाया मगर एक सफल र मिहिनेती किसान हुन्। ३५ वर्षीया हरिमायाले ४ कक्षासम्म मात्र अध्ययन गरेकी छिन्। उनको परिवारमा श्रीमान्, एक छोरी र एक छोरा गरी जम्मा चार जना छन्। सानो र सुखी परिवार भए तापनि उनको परिवारमा बिहान-बेलुकाको छाक टार्न जहिल्यै धौ-धौ पर्दथ्यो। आफ्नो परिवारमा केही खुशी ल्याउने उद्देश्यका साथ उनका श्रीमान् २४ प्रतिशत ब्याजमा साहूसँग रु.१ लाख ऋण काढेर वैदेशिक रोजगारमा गएका थिए। तर नियतिले नै ठगेपछि कसको के नै लाग्छ र, साहूको ऋण तिर्न भ्याउँदा नभ्याउँदै उनका श्रीमान्लाई स्वास्थ्यको कारण देखाई चार महिनामै घर फर्काइदियो। जसको कारण उनको परिवारमा झन् गरीबीले जरो गाड्न पुग्यो। अब के गरी साहूको ऋण चुक्ता गर्ने र ती कलिला बालबालिकाको उज्ज्वल भविष्यको लागि शिक्षा प्रदान गर्ने तथा समय अनुकूलको वातावरणमा हुर्काउने भन्ने विषयमा हरिमायाको परिवार चिन्तित बन्न पुग्यो।

इमानदार र मिहिनेतीलाई एक न एक दिन भगवानले पनि हेर्नेछन् भने जस्तै गरी यतिबेला हरिमायाको परिवारमा केही आशाका किरण देखा परेका छन्। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको उत्पादनमूलक ऊर्जा प्रयोग कार्यक्रम अन्तर्गत गरीब तथा विपन्न वर्गको लागि आयआर्जन क्रियाकलापको विषयमा जानकारी प्राप्त गरिन्। त्यसपछि महादेवस्थान-५ मा मौसमी तथा बेमौसमी तरकारी खेती गर्ने हरिमाया जस्तै अन्य दिदीबहिनी मिली आयआर्जन समूह गठन गरिन्। हरिमायाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतको क्षेत्रीय सेवा केन्द्र/ग्रामीण सशक्तीकरण समाज दमौली, तनहुँको आयोजनामा जिल्ला कृषि विकास कार्यालय धादिङबाट भएको तरकारी खेती तालीमपश्चात् उनको आत्मबल बढ्न पुग्यो। हरिमाया भन्छिन्, तालीमले मेरा आँखा खोलिदियो भने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले क्षेत्रीय सेवा केन्द्र मार्फत दिएको अनुदान दिव्यज्योति भयो। दश हजार अनुदान रकम दश लाख सरह हुन पुग्यो किनभने म जस्तो ग्रामीण इलाकामा बस्ने गरीब जनजाति महिलाको जीवनमा केही काम गर्नको लागि प्राप्त हुने थोरै रकमले ठूलो सहयोग पुग्ने विश्वास गरेकी छु। १० हजार अनुदान र आफ्नो ५ हजार गरी जम्मा १५ हजारको लगानीमा गोलभेंडा र तरकारी खेतीको सुरुआत सँगसँगै आफूमा आत्मविश्वास बढ्नुको साथै आत्मनिर्भरतर्फ उन्मुख भएको हरिमायाको अनुभव छ। समूहमा हुने बैठक-छलफल





तथा कार्ययोजनाबाट आफूले पनि धेरै कुरा सिकेको अनुभव सुनाउँछिन् हरिमाया। समूहमा बसी तरकारी खेती गर्दा बीउबिजनको आपूर्ति, आवश्यक तालीम तथा बजारीकरणको समस्या नहुनुका साथै यस व्यवसायमा परिवारका सदस्यको पनि सद्भाव र सहकार्य रहने जानकारी गराउँछिन् हरिमाया।

यतिबेला हरिमायाको मिहिनेतले उनको परिवारमा बिहान बेलुकाको छाक टार्न सहज हुनुको साथै मासिक आम्दानीबाट सहज ढंगबाट बालबालिकालाई भनेको बेलामा कापी-कलम उपलब्ध गराउन सजिलो भएको छ। साथै २४ प्रतिशत ब्याजमा लिएको ऋण केही घटाउन सफल पनि भएका छन्। आगामी दिनमा तरकारी व्यवसायलाई थप एक रोपनी जग्गा भाडामा लिएर भए पनि विस्तार गरी बालबालिकालाई उच्च शिक्षा हासिल गराउने र आफू पनि सफल कृषक बन्ने उनको भावी योजना रहेको छ।

# सुधारिएको पानीघट्टले जीवन सुध्रियो

खोटाङ-१, कोलटार निवासी राजेन्द्र अर्याल अहिले निकै व्यस्त घट्टधनीका रूपमा चिनिन्छन्। हेटौंडादेखि करीब दुई घण्टा गाडीमा र तीन-चार घण्टा पैदल हिंडेर कोलटार गाउँमा पुग्न सकिन्छ। सोही ठाउँमा आफ्नो परिवारसँग बसोबास गर्दै आएका राजेन्द्र अर्याल आर्थिक रूपमा निकै कमजोर थिए। उनलाई जीविकोपार्जन गर्न पनि धौ-धौ थियो। उनी सामान्य कृषि र घरायसी काम गरेर परिवार र आफ्नो जीविकोपार्जन गर्दथे।

जतिखेर कोलटार गाउँमा राजेन्द्र अर्यालले जेठ २०७१ मा सुधारिएको पानी घट्ट जडान गरे त्यसपछि गाउँका सबै समुदाय लाभान्वित हुन थाले। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रु.३५ हजार अनुदान सहित कुल रु.१ लाख ३१ हजारमा अर्यालले सुधारिएको पानीघट्टको निर्माण सम्पन्न गरेका थिए। यसभन्दा अघि सो गाउँमा परम्परागत घट्टको प्रयोग हुँदै आएको थियो। कुटानी-पिसानी गर्नु परेमा गाउँभन्दा धेरै टाढा जानुपर्ने बाध्यताका साथै धेरै समय खर्चनुपर्दथ्यो। सुधारिएको पानीघट्ट निर्माण भएपछि गाउँमा रहेका करीब ५०-६० घरधुरी प्रत्यक्ष लाभान्वित भई छिटो र सर्वसुलभ तरीकाले सेवा उपभोग गर्न पाएका छन्। अरू बाली खासै राम्रो नभए तापनि धान उब्जाउमा भने निकै राम्रो मानिने कोलटार गाउँमा अर्यालले सुधारिएको पानीघट्टका साथै खेतीपाती पनि गर्दछन्। उनले एक पाथी धानको रु.५ का दरले दैनिक १५-२० मुरी धान कुटानी गर्ने गरेको बताउँछन्। उनको व्यस्तताका साथै आम्दानी पनि बढेको छ। अर्याल भन्छन्, "सुधारिएको पानीघट्टले त मेरो जीवन नै फेरिदियो, जीवनमा धेरै परिवर्तन आयो। अहिले जीवनको गुजारा राम्रोसँग भइरहेको छ, बालबच्चा पनि खुशी छन्। घट्टको आम्दानीबाट उनीहरूलाई राम्रो शिक्षा दिन सकेको छु।"

छोटो समयमा नै राजेन्द्र अर्याल एक मिहिनेती र सक्षम पानीघट्ट धनीका रूपमा चिनिन थालेका छन्। गाउँका बासिन्दाहरू पनि गाउँमै सुधारिएको घट्टमा छिटो र कम ज्यालामा कुटानी गर्न पाउँदा निकै खुशी छन्। अर्यालको सुधारिएको घट्टको सफल संचालन देखेर गाउँमा रहेका परम्परागत घट्टहरूको विस्तारै विस्थापन भई सुधारिएको पानीघट्टको माग ह्वात्तै बढेको छ। गाउँघरमा महिला तथा बालबालिका जो कुटानी-पिसानीको विशेष जिम्मेवारी बोकेका हुन्छन्, सुधारिएको पानीघट्टमा कुटानी-पिसानी छिटो-छरितो हुने हुँदा उनीहरूको समयको बचत भएको छ। ■






"सुधारिएको पानीघट्टको आम्दानीले जीवन नै फेरिदियो, धेरै परिवर्तन आयो । अहिले गुजारा पनि राम्रोसँग भइरहेको छ, बालबच्चा खुशी छन् । उनीहरूलाई राम्रो शिक्षा दिन सकेको छु ।"

# लोसे जागेपछि...



धेरै गाउँमध्ये एउटा जसले नेपाल र नेपालीको वर्तमान अवस्थाको प्रतिनिधित्व गर्दछ। अनि त्यस्तो ठाउँ जहाँ अभावको बीचमा पनि मानव जीवन न्यूनतम आवश्यकताको लागि कसरी लडिरहेका छन्; देख्न, महसूस गर्न अनि साक्षात्कार हुन सकिन्छ। राज्यले दिनुपर्ने न्यूनतम भौतिक पूर्वाधारमध्ये स्वास्थ्य र शिक्षाका लागि करीब दुई घण्टा पैदल हिंडेपछि मात्रै मोटरबाटो देखिन्छ। सिंचाइको कुनै गुन्जायस देखिन्न र सम्भावना पनि छैन, त्यसैले हरेक वर्षायाम कुर्नुपर्छ खेतीका लागि। अनि त्यही वर्षायाममा भिजेका खेत र पाखाका डल्लाहरूले वर्ष दिनसम्मका लागि उब्जनी खोज्नुपर्ने। यदि समयमा पानी परेन भने खेतका गरा, पाखा सबै नाङ्गै तर पनि बाँच्नुपर्छ सबै जिन्दगी लोसेका बासिन्दाले। खानेपानीको नाउँमा त्यही वरपर बर्खायाममा परेको पानीले गर्दा कतै कतै पानी जन्मन्छ

अनि त्यही पर्खाइमा छन् लोसेका बासिन्दा र गर्छन् उनीहरू खानेपानीको जोहो। भएका कुवा-धारा पनि उही बर्खाले थेग्नुपर्ने। वर्षको ८ महिना भन्दा बढी खानेपानीकै लागि ४५ मिनेट ओरालो लोसेखोला लाग्नुपर्ने। बिहान बेलुका गरी दैनिक चार घण्टाको समय दुई गाग्री पानीको लागि दिनुपर्ने। ४६ घरधुरी सबैको अवस्था हो, यो। गाईबस्तुका लागि वन केरा रोप्ने र पानीको साटो केराको दाम्चा खुवाउने गरेको सुन्दा मनै झसङ्ग हुन्छ। इलाम जिल्ला, महमाई गाविस-९ लोसेको कथा होइन वास्तविकता हो, यो। यसरी नै गुज्रिरहेको छ लोसेवासीको दैनिकी। समुदायको बसोबास नियाल्दा त्यस समुदायमा अहिलेसम्म कसैको पनि जमीन सरकारी रूपमा दर्ता भएको छैन।

दलित र जनजातिको विशेष बसोबास रहेको लोसे गाउँलाई कमजोर आर्थिक अवस्था र विपन्नले छोपेको छ। २०६९ साल साउन ३ गते पूर्ण लुङ्गेली, एक गाविस सहजकर्ता जसले नामसालिङ्ग सामुदायिक विकास केन्द्र (नासाविके) सँगको भेट जुराइदियो मुनामाया खड्का र तुलसीराम सिन्चिउरीलाई। अनि शुरू भयो एउटा अध्याय नासाविके, इलामको सामाजिक परिचालन र प्राविधिक सहयोग तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, खुमलटारको आर्थिक सहयोगमा दुई किलोमीटर टाढा रहेको भन्ज्याङ्ग खोलाको पानीलाई १७० मिटर उचाइमा पम्पिङ्ग गरी सौर्य ऊर्जा मार्फत खानेपानी योजना निर्माण गर्ने प्रस्ताव। स्थानीय उपभोक्ताहरूको सक्रियता र नासाविके, इलामको प्राविधिक सहयोगमा सौर्य पम्पिङ्ग प्रणालीबाट गाउँभन्दा तल रहेको खानेपानीको स्रोतलाई माथिको डाँडोमा जम्मा गरियो र १९ सय ५० मिटरको लामो पाइपलाइनबाट भन्ज्याङ्ग खोलाको पानीलाई लोसेको शिरमा रिजर्भ टंकी बनाई धारामा झारियो र लोसे जुर्मुरायो। १९ लाख ५० हजार कुल लगानी भएको यस परियोजनाले ४६ घरधुरीलाई प्रत्यक्ष लाभ पुऱ्याइरहेको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रु.१४ लाख ६२ हजार ५०० अनुदान रकम र बाँकी रकममध्ये नगद रु.१ लाख ८३ हजार र श्रमदान रु.३ लाख ४ हजार ५०० बाट सो परियोजना गएको पुस २०७० मा सम्पन्न गरी नियमित संचालनमा आएको हो। राति दुई बजेदेखि नजिकैको कुवामा पानी थाप्न जाने समय अहिले बचत भएको छ। त्यति बिहानै लाइनमा बस्दा पनि पालो नआउँदा कुवाको पानी सकिएर रित्तै फर्कनुपर्ने र चाहिएको पानीको जोहो गर्न दिनभर हिंड्नुपर्ने कार्यमा कटौती भएको छ। पहिलेका दुःख र झन्झटबाट मुक्ति पाई अन्य आयमूलक गतिविधि तथा सामाजिक क्रियाकलापमा महिलाहरूको सहभागिता उल्लेखनीय वृद्धि भएको छ। सामूहिक सहभागिता र प्रयासबाट जस्तोसुकै समस्या पनि समाधान भएको प्रमाणित भएपछि सामूहिक प्रयासमा समुदायका मानिसले पालोपालो गरी सबै उपभोक्ताको घरमा मापदण्डयुक्त चर्पी बनाए, सुधारिएको चुलो सबै उपभोक्ताको घरमा निर्माण गरी प्रयोगमा ल्याए, खानेपानी निर्माण तथा सम्पन्न गर्न गराउन विशेष गरी महिलाहरूको सार्थक सहभागिताले महिलाहरूले पनि काम गर्न सक्छन् भन्ने विश्वास जगाएको छ। साँच्चै लोसेवासीको सामाजिक सक्रियता र विकास निर्माणप्रतिको लगनशीलता उदाहरणीय बनेको छ। ■

# विस्थापित हुनबाट जोगिएको पुर्कोट गाउँ

विना पानी प्राणी बाँच्नुको कल्पनासम्म पनि गर्न सकिँदैन। त्यसमा पनि मानवका लागि पानी बाँच्नदेखि लिएर दैनिक जीवनयापनका हरेक कार्यमा अपरिहार्य छ। स्वच्छ पिउने पानीको सहजताले मानिसको दैनिक जीवनमा निकै नै सकारात्मक प्रभाव पारेको हुन्छ। यस्तै सकारात्मक परिवर्तन महसूस गरेका छन् पुर्कोटवासीले।

तनहुँ जिल्लाको दक्षिण भेगको सामुङ्ग भगवतीपुर गाविसमा अवस्थित एउटा सुन्दर गाउँ हो, पुर्कोट। ५४ घरधुरी मिलेर बनेको पुर्कोट गाउँमा सात घर दलित र ४७ घर जनजाति रहेका छन्। यहाँका बासिन्दाले एक गाग्री पानीको लागि आधा घण्टाको समय खर्चनुपर्ने अवस्था थियो। जसको असर महिला र बालबालिकाको जीवनमा प्रत्यक्ष परेको थियो। गाउँमा पानीका मुहान प्रशस्तै भए पनि सबै गाउँको बस्तीभन्दा तल थिए। तर त्यहींका वीरबहादुर थापाले जब सोलार पम्पिङ खानेपानी प्रविधिको बारेमा जानकारी पाए त्यसपछि यो गाउँको मुहार फेरिने निश्चित भयो र उनकै अध्यक्षतामा नौ जनाको उपभोक्ता समिति बनाई निर्माण हुने भयो, साग्दीपँधेरो खानेपानी आयोजना।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमको आर्थिक र क्षेत्रीय सेवा केन्द्र/ग्रामीण सशक्तीकरण समाज दमौली, तनहूँको प्राविधिक सहयोगमा २०६९ सालमा निर्माण कार्य शुरू गरिएको साग्दीपँधेरो खानेपानी आयोजना २०७० सालको असोज महिनामा ग्रामीण तथा वैकल्पिक ऊर्जा प्रालिले निर्माण तथा जडान कार्य समाप्त गरी सञ्चालनमा ल्याएको थियो। ३० वटा सोलारपाताको सहायताले २.१ किलोवाट विद्युत्पावर निकाली १३७ मिटर तलबाट पानी तानिएको छ। कुल लागत रु.१८ लाख ६० हजार ६०० मा सम्पन्न उक्त आयोजनालाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्दबाट रु.१३ लाख ९५ हजार ५०० अनुदान प्राप्त भएको थियो भने बाँकी रु.३ लाख सामुदायिक वनले र रु.५० हजार समाजसेवी विष्णुबहादुर थापाले सहयोग गर्नुभएको थियो। रु.५० हजार उक्त गाउँबाट वैदेशिक रोजगारीमा जाने युवाहरूले सहयोग स्वरुप उपलब्ध गराएका थिए भने अरू अपुग रकम रु.६५ हजार बराबरको गाउँलेले श्रमदान गरी सम्पन्न गरेका थिए। अहिले १२ हजार लीटरको वितरण ट्यांकीबाट गाउँका ९ वटा धारामा पानी वितरण गरिएको



छ । दैनिक ४ हजार लीटर पानी खपत हुने र प्रतिदिन प्रति घरधुरी लगभग ७४ लीटर पानी खपत हुने बताउँछन् आयोजनाका अध्यक्ष वीरबहादुर थापा । उनी भन्छन्, गाउँमा रहेका दलित र जनजातिका ३७८ जनसंख्या यो आयोजनाबाट प्रत्यक्ष लाभान्वित भएका छन्। उनी आयोजना बन्नुभन्दा पहिलेको अवस्था स्मरण गर्दै भन्छन्, "पहिले त गाउँका मान्छेले दु:ख पाएको, फोहोर पानी पिउनुपरेको र पानीकै कारण गाउँ विस्थापित हुन लागेको देख्दा निकै नै दु:ख लाग्थ्यो तर अहिले विस्थापित हुन लागेको गाउँलाई स्थापित गर्न सकेकोमा खुशी लागेको छ।"

आयोजनाका अध्यक्ष सहित उपभोक्ता समितिका सदस्य आयोजनाको निर्माणको क्रममा आएका विभिन्न व्यवधानहरूको स्मरण गर्दै भन्छन्, "पहिले त उपभोक्तालाई यसरी पानी तानेर खान सकिन्छ भन्ने विश्वास दिलाउनै गाह्रो भएको थियो। उनीहरूलाई श्रमदानमा ल्याउन र रकम जुटाउन निकै कठिनाई परेको थियो तर गाउँकै केही विदेशमा रहेका युवाहरूको सहयोग पाउने भएपछि केही राहत भयो र आयोजना सम्पन्न गर्न सफल भइयो।"

कार्यबोझको रूपमा हेर्नुपर्दा पानीको नाता अझ महिला र विद्यालय जाने बालिकासँग प्रत्यक्ष जोडिएको हुन्छ। महिलाहरूले पानी ल्याउन टाढा जानुपर्ने जसका कारण उनीहरूको सबै समय त्यसमै र घरधन्दामै सकाउनुपर्ने र बालिकाहरूले आफ्नो पढ्ने समय पानी ओसार्नमा लगाउनुपर्ने हुन्छ। ३५ वर्षीया हीताकुमारी थापा भन्छिन्, "पहिला भन्दा अहिले पानीको समस्यामा धेरै सजिलो भएको छ। खेर जाने पानीको सदुपयोग गरी तरकारी खेती पनि गर्न सकिएको छ, बजारबाट किन्नुपरेको छैन, पैसाको बचत भएको छ।" त्यस्तै कक्षा ४ मा अध्ययनरत बालिका विनिता राना भन्छिन्, "पहिला पानी बोक्दा बिहान जान्थ्यो, पढ्न पाउँदिनथें र शिक्षकले गाली गर्थे तर अहिले बिहानभरि पढ्न र गृहकार्य गर्न पाएकी छु, शिक्षकको गाली खानु परेको छैन।" गाउँका ज्येष्ठ नागरिक चित्रबहादुर थापा दंग पर्दै 'बाँच्न पाए अनौठो देख्न पाइने रहेछ' भन्दै थप्छन्, "पहिला त विश्वास लागेको थिएन तर अहिले आँगनमै धारा देख्दा खुशी लाग्छ, केटाकेटी कुवामा डुब्लान् भन्ने डर पनि भएन, अनि गाईबस्तुले फोहोर गरेको पानी खानु परेन, गाउँले फोहोर पानीका कारण बिरामी हुनुपरेको छैन, धेरै खुशी लागेको छ।" ■

# सोलारले बनायो व्यवसायी

कोत्ले खोला सौर्य खानेपानी आयोजना सम्पन्न गर्न सफल भएपछि तनहूँको धरमपानी-१ हुस्लाङकोटका महिलाले पानीको सदुपयोग गर्दै समूह बनाएर सामूहिक तरकारी खेती शुरू गरेका छन्। दलित घरधुरी दुई र जनजाति घरधुरी ३२ गरी ३४ घरधुरीलाई प्रत्यक्ष रूपमा लाभान्वित बनाएको उक्त आयोजना २०६९ साल असार महिनामा निर्माण कार्य थालनी गरी २०७० साल साउन महिनामा सम्पन्न भएको थियो। अहिले त्यहाँका महिलाले खेर गएको पानीको सही सदुपयोग गर्दै सामूहिक रूपमा तरकारी खेती गरी बजारबाट तरकारी किनेर खानुपर्ने बाध्यतालाई विस्थापित गर्दै आफैंले उत्पादन गरेको तरकारी बजारमा लगेर बेच्न सक्षम भएका छन्।

हुस्लाङकोट गाउँ जहाँको बस्ती सबै पानीको मुहानबाट धेरै माथि र सुक्खा थियो। यहाँका बासिन्दाले डेढ घण्टा लगाएर एक गाग्री पानी लिन पनि खोलासम्म धाउनुपर्ने अवस्था थियो। महिलाहरू बिहान चार बजेदेखि नै उठेर पानी ओसार्नमा आफ्नो बिहानको समय खर्च गर्थे भने बालबालिका पढ्न छाडेर पानी ओसार्नमा व्यस्त हुन्थे। यस्तो अवस्था रहेको बस्तीमा प्रशस्त पानी चाहिने तरकारी खेती गर्नु त एक दिवास्वप्न जस्तै थियो भन्दा पनि अत्युक्ति नहोला।

ग्रामीण तथा वैकल्पिक ऊर्जा प्रा.लि. दमौलीले रु.२० लाख ५९ हजार ९०० मा निर्माण तथा जडान कार्य सम्पन्न गरेको कोत्ले खोला सौर्य खानेपानी आयोजनालाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले रु.१४ लाख ९ हजार ९०० अनुदान प्रदान गरेको थियो भने ग्रामीण सशक्तीकरण समाज दमौली, तनहूंले प्राविधिक सहयोग प्रदान गरेको थियो। साथै उक्त आयोजना सम्पन्न गर्न केयर नेपालको हरियो वन कार्यक्रमले रु.४ लाख, धरमपानी गाविसले रु.६३ हजार ५०० र बाँकी रु.१ लाख ८६ हजार ४०० बराबरको स्थानीय बासिन्दाहरूले श्रमदान गरेका थिए। यस आयोजनामा १० वटा सोलार पाताबाट १.९ किवा पावर निकाली २२५ मीटर तलबाट प्रतिदिन ५ हजार ३०० लीटर पानी माथि तानिएको छ। १२ हजार लीटरको रिजर्भ ट्यांकीद्वारा पाँच वटा धारामा पानी वितरण गरिएको छ। पहिले समुदायलाई यसमा विश्वास दिलाउन निकै कठिन भएको तर अहिले पानीको सहजताले गर्दा जनजीवन निकै सहज भएको बताउँदै उपभोक्ता समिति अध्यक्ष रामबहादुर गुरुङ्ग भन्छन्, “गाउँमा परिवर्तन देखिन लागेको छ, पानीको उपयोग गरेर गाउँलेले घरघरमै तरकारी पनि उब्जाएका छन्।”



हाल हुस्लाङकोट गाउँका महिलाले खेर गएको पानी सदुपयोग गरी आयआर्जन गर्ने सोचले सुकमाया गुरुङ्को अध्यक्षतामा २५ जनाको 'जीतपुरगढी महिला समूह' बनाई मौसम अनुसार लगभग पाँच रोपनी जग्गामा लसुन, प्याज, धनियाँ, गोलभेंडा, आलु, काउली जस्ता सामूहिक तरकारी खेती व्यवसाय शुरु गरेका छन् । उनीहरूले बीउबिजन पनि स्थानीय रूपमा नै लगाएर त्यहीं बिरुवा उमार्ने अभ्यास पनि गरेका छन् । "तरकारी व्यवसायबाट आय आर्जनको काम गर्न त कल्पनासम्म पनि गरेका थिएनौं । तर जब हाम्रो गाउँमा यस्तो प्रकारको आयोजना बन्यो, नसोचेको काम गर्न पनि सफल भयौं" यो भनाइ थियो जीतपुरगढी महिला समूहकी अध्यक्ष सुकमाया गुरुङ्को । महिला समूहकी सदस्य मीनु गुरुङ भन्छिन्, "मिहिनेत गरेर धेरैभन्दा धेरै तरकारी उब्जाई स्थानीय गाउँमा र बाँकी नजिकैको बजार केशवटार, डुम्रे र दमौलीसम्म पुऱ्याई बिक्री गर्ने र प्रत्येक महिना रु.४० हजार सम्म आम्दानी गर्ने योजना रहेको छ ।" उनीहरू यसबाट आएको आम्दानीलाई आयोजनाको मर्मतसम्भारमा लगाउनुको साथै घुम्तीकोष बनाएर सानातिना ऋण आवश्यक परेका महिलालाई सस्तो ब्याजदरमा दिने, जसले गर्दा गाउँलेलाई चर्को ब्याजदरको मार खेप्नु नपर्ने बताउँछन् । महिला समूहका सदस्यले खेर जाने पानीलाई एउटा संकलन ट्याङ्की बनाएर व्यवसायलाई बढाउने सोच बनाएका छन् । सोलार पम्पिङ प्रविधिको सहायताले बस्तीभन्दा तल रहेको खोलाको पानीलाई गाउँमा ल्याएर स्वच्छ पिउने पानीको अलावा खेर जाने पानीको सही सदुपयोग गरी आयआर्जन गर्ने योजना सहित अघि बढेका महिलाहरूको यस्तो सुरुआती कार्य निकै सराहनीय छ । ■

# पौरखीका लागि गाउँ नै विदेश



"आज म जाजरकोट जिल्लामै एउटा सक्षम व्यवसायी बन्न सफल भएको छु । त्यति मात्र हैन कि मेरो लागि अहिले जाजरकोट नै विदेश भएको छ ।"



जाजरकोट, खलंगा-६ मा जन्मिएका दलबहादुर कामीको पारिवारिक अवस्था साधारण थियो। उनका श्रीमती, एक छोरा र तीन छोरी छन्। साधारण परिवारको व्यक्ति भएकोले उनलाई परिवार चलाउन धौ-धौ थियो। जन्मस्थान पनि दुर्गम, साथै सेवा-सुविधाबाट बञ्चित भएकाले जीविकोपार्जनका अवसर पनि त्यति थिएनन्। त्यसमाथि थोरै जग्गा-जमीन र उत्पादन पनि कम। जसले गर्दा कहिलेकाहीं कता जाऊँ, के गरौं, कसो गरौं भन्दै सोच्ने गर्थे। त्यसमाथि दलित अनि तल्लो जात भइयो भनेर त्यसै अपहेलित भएको अवस्था पनि थियो। सोच्ने गर्दथे कस्तो परिवारमा जन्मिएछु ! अनि जात पनि किन दलित हुनुपरेको।

विस्तारै घरको साथै खलंगास्थित एउटा ग्रीस आश्रम भन्ने संस्थामा काम गर्न शुरु गरे। त्यसै सिलसिलामा घरपरिवार चलाउन आफैं केही गर्नुपर्छ भनेर गाउँमा नै काठका सामग्री बनाउने मिस्त्रीको काम पनि शुरु गरे। आफ्नो सीपलाई निरन्तरता दिंदै गए र अझ राम्रो काठका सामग्रीहरू बनाउन थाले। कामबाट आम्दानी पनि गर्न थाले र घरपरिवार धान्नलाई सहयोग पुग्दै गयो। यसबाट भित्रैदेखि इच्छा जागेर आयो कि अब मैले केही गर्नुपर्छ। सदरमुकाम गएर सानो फर्निचर बनाउने पसल खोल्ने सोच बनाए र पसल शुरु पनि गरे। त्यस समयमा अहिलेको जस्तो बिजुली बत्ती थिएन। फर्निचर बनाउँदा हाते औजारको सहाराले बनाउँथे। अलि पछि जेनेरेटरबाट फर्निचर सामग्री बनाउन शुरु गरे। २०५२ सालबाट सानो व्यवसाय गरे पनि फर्निचर पसललाई व्यवस्थित तरीकाले संचालन गर्न सकेका थिएनन्। मनमनै अब नेपालमा बसेर हुन्न, नेपालको पैसा थोरै हुन्छ, अब विदेश जानुपर्छ, भनेर सोच्न थाले। त्यसपछि विदेश जाने तयारी गर्दै पासपोर्ट बनाए। विदेश जानको लागि काठमाडौं गए। त्यहाँ केही साथीहरूको पीडा सुने। कताकता मनमा डर लाग्यो। अनि जाजरकोटै फर्किने सोचे। अनि जाजरकोटमै फर्निचर पसललाई निरन्तरता दिए। दलबहादुर आर्थिक स्थिति पनि कमजोर, साथै द्वन्द्वबाट प्रभावित व्यक्ति पनि हुन्। त्यसैले २०६४ सालमा द्वन्द्व प्रभावित व्यक्ति भनी स्थानीय शान्ति समितिले सीपमूलक तालीममा सहभागी गराएको थियो। उक्त तालीमपछि उनले फर्निचर उद्योग नै संचालन गर्ने संकल्प गरे। २०६४ चैत महिनामा लक्ष्मी फर्निचर उद्योग दर्ता गरे। अनि २०६५ सालदेखि आफ्नै फर्निचर उद्योग शुरु गरे। यति बेलासम्म साङ्टा रिसाङ्ग लघु जलविद्युत् आयोजना निर्माण क्रममा थियो। पछि मात्र यो आयोजना सम्पन्न भई जाजरकोटको खलंगामा बत्ती आयो। जेनेरेटरबाट फर्निचर बनाउँदै आएकोमा आयोजनाका समितिसँग कुरा गरेर तुरुन्तै उद्योगमा बत्ती जडान गरे। त्यसपछि उनलाई व्यवसाय चलाउन सजिलो भयो। फर्निचर उद्योग संचालन गरेको अवस्था त थियो, तर समस्या पनि उत्तिकै। एकदिन आयोजना समितिका सदस्यसँग व्यवसायको कुरा गरे। त्यसैबेला उनीहरूले वैकल्पिक ऊर्जा

प्रवर्द्धन केन्द्रले उद्योग संचालन गर्ने व्यक्तिलाई अनुदान सहयोग गर्छ भन्ने सल्लाह दिए। उनीहरूको सहयोगबाटै जाजरकोट जिल्लास्थित आस्था नेपालका कर्मचारीहरूसँग चिनजान हुने मौका पाए। उनीहरूसँग आफ्नो कुरा राखे। उनीहरूकै सहयोगमा २०७१ साल चैत महिनामा जाजरकोट जिल्लाको खलंगा गाविसको साङ्टा रिसाङ्क लघु जलविद्युत् आयोजना अन्तर्गत गठित स्थानीय आर्थिक विकास समितिको सदस्य समेत बन्न पाए। "मैले कल्पना पनि गरेको थिइनँ कि म जस्तो दलित व्यक्ति बत्तीको आयोजनाको समितिमा बस्न पाउँछु भनेर", दलबहादुर भन्छन्। "त्यसपछि आस्था नेपालकै सहजीकरणमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमबाट अनुदान लिएर २०७१ साल कात्तिक महिनादेखि उद्योगको स्तरोन्नति गरी संचालन गर्नको लागि ऊड रन्दा मेशीन, बेण्ड सः र ५ एच.पी. को मोटर थप गरेको छु। हाल पाँच जनालाई रोजगार दिई खलंगा-१ गैरीखालीमा फर्निचर उद्योग सञ्चालन गरेर बसेको छु" उनी थप्छन्।

आफूसँग भएको आर्थिक स्थितिले उद्योगको स्तरोन्नति व्यवस्थित गर्न नसकेकोले रोजगारीका लागि विदेशतिर जाने सोच बनाएका उनले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र आस्था नेपालले व्यवसाय सञ्चालन तथा स्तरोन्नतिका लागि सहयोग दिन्छ भन्ने थाहा पाए र व्यवसायमा थप लगानी गरी स्तरोन्नति गर्ने सोच बनाए। त्यसपछि कार्यालयको नियम अनुसार प्रक्रिया पुऱ्याई व्यावसायिक योजना तयार गरी व्यवसायको स्तरोन्नति गर्न लाग्ने कुल लागत रु.८ लाख २९ हजारमध्ये रु.२ लाख कस्तूरी सहकारी संस्थाबाट ऋण, रु. ५ लाख २२ हजार ६०० स्वलगानी र रु.१ लाख ७ हजार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट अनुदान लिई व्यवस्थित व्यवसाय सञ्चालन गरिरहेका छन्। उक्त सहयोगले उनलाई विदेशिनबाट रोकी व्यवसायी बन्न प्रेरित गरेकाले उक्त सहयोग दिने संस्था तथा कार्यक्रमलाई धन्यवाद दिन चाहन्छन्। हाल मासिक रूपमा करीब रु२ लाख जति आम्दानी भइरहेको बताउने उनी व्यवसायको स्तरोन्नति गरी सञ्चालन गरिसकेपछि आम्दानीको स्रोत बढ्न गई आफ्नो र छोराछोरीको स्कूल खर्च धान्न सहज भई सबै खर्च कटौती गरी मासिक रु.३० हजार जति मुनाफा गरिरहेका छन्। यसरी व्यवसायीहरूलाई प्रेरित गर्ने खालका कार्यक्रम समुदायमा सञ्चालन गर्दा व्यवसायीहरूको आर्थिक स्तरमा वृद्धि हुनुका साथै स्थानीय स्तरको लघु जलविद्युत् आयोजनाको पनि विद्युत् महसुलमा आम्दानी वृद्धि भई योजनालाई दिगो रूपमा सञ्चालन गर्न थप सहयोग पुग्ने देखिन्छ। यसरी व्यावसायिक रूपमा व्यवसाय सञ्चालन गर्दा सफल व्यवसायी भई आफ्नो जीवन सफल बनाउने माध्यम हुँदोरहेछ भन्ने लागिरहेछ।

"वास्तवमै आज म जाजरकोट जिल्लामा एउटा सक्षम व्यवसायी बन्न सफल भएको छु। त्यति मात्र हैन कि मेरो लागि अहिले जाजरकोट नै विदेश भएको छ।" दलितलाई पनि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यस्तो व्यवसाय गर्नको लागि अनुदान दिने रहेछ भनेर आज मलाई बल्ल विश्वास लाग्यो। सदरमुकाम नजिकै मेरो घर तर बत्तीमुनिको अँध्यारो भने झैं म ओझेलमा थिएँ। यस्तो अवसर प्राप्त गर्न र एउटा सफल व्यवसायी बन्नको लागि आस्था नेपालले मलाई सहयोग गरी विदेशिनबाट जोगाएकोमा धेरै-धेरै धन्यवाद। ■